# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अनौपचारिक शिक्षाको चार दिवाल वाहिर अर्थात अनौपचारिक पद्धति वाहिर लचिलो ढंगबाट दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । फ्रेरेका अनुसार अनौपचारिक कक्षा त्यस्तो संस्कृतिक केन्द्र हो, जहा सहभागीहरु आफ्नो जीवनमा आइपर्ने समस्याहरुको बारेमा छलफल समाधानको उपाय र निर्णय कार्यन्वन गरी आफ्नो जीवनको इतिहास लेख्न सफल हुन्छन् । जुन यस शिक्षाको माध्यमबाट सम्पुर्ण निरक्षर प्रौढ युवायुवतिहरु, वैकल्पिक बाटो विराएकाहरु र विचमै कक्षा छाड्नेहरुले यस शिक्षाको माध्यमबाट कतिको सक्षम, कति महिला तथा पुरुषहरु साक्षर भए सहभागिता कस्तो जुट्यो आदि कुराहरुलाई लिएर यस शोधपत्रलाई अगाडि बढाइएको छ ।

राष्ट्र विकासको मेरुदण्ड शिक्षा हो । शैक्षिक विकासको अभावमा समग्र रुपमा राष्ट्रको आर्थिक र सामाजिक विकास हुन सक्दैन । आजको २१ औं शताव्दीमा विश्वलाई मानव जातिले शैक्षिक विकास र यसको प्रयोगले साँगुरो घेरामा राख्न सफल भएको हो । आधुनिक सभ्यताको जडसुत्रको रुपमा शिक्षाले अहम् भूमिका खेलेको हुन्छ । शिक्षा भन्नाले वेदका छ प्रकारका अंगहरु मध्ये मन्त्रको उच्चारण विधि भएको एक अंश हो । जुनसुकै कला वा विधा नियमित रुपले सिक्ने वा तालिम दिने लिने काम विशेष किसिमको सल्लाह, परामर्श, अर्ती उपदेश मानेर परिभाषित गरेको पाइन्छ । समग्रमा शिक्षा भनेको एउटा ज्ञान र सीप हो । यो ज्ञानले मानव भित्र रहेको अन्तर्निहित ज्ञानलाई प्रस्फुटन गर्दै आधुनिक युग तर्फ डोऱ्याउने कार्य गर्दछ । आजको विश्वमा जति पनि राजनीतिक, आर्थिक, सामाजिक, वैज्ञानिक तथा प्राविधिक र सुचनाको क्षेत्रमा विकास गर्ने मानव जातिले सिकेका छन्, यी सबै शिक्षाका देन हुन ( पौडेल,२०६४) ।

नेपाल एक वहुजातिय, बहुभाषिक, लोकत्रान्त्रिक स्वतन्त्र अधिराज्य सार्वभौमसत्ता सम्पन्न धर्म निरपेक्ष भएको विकासोन्मुख राष्ट्र हो । यस देशमा प्राचीनकालदेखि शिक्षाको व्यवस्था आ-आफ्नै किसिमले नागरिक समाजद्धारा सम्पादन तथा संचालनगर्दै आएको पाईन्छ । शिक्षाको माध्यमबाट व्यक्तिको व्यक्तित्वको निर्माण, राष्ट्रिय संस्कृतिको जगेर्ना तथा व्यक्ति र समाजको आवश्यकता पुरागर्ने माध्यम शिक्षा हो । राज्यबाट औपचारिक शिक्षालयको व्यवस्था राणाकालमा प्रारम्भ भएको पाइन्छ जसको

स्थापना वि.स. १९१० भएको हो तर अनौपचारिक शिक्षाको थालनी परापूर्व कालदेखि नै भएको पाइन्छ (काफ्ले र साथीहरु,२०६१) ।

औपचारिक शिक्षाको अवसर नपाएका वा विद्यालय छाडेका व्यक्तिलाई वैकल्पिक बाटोबाट शैक्षिक संरचनामा समावेश गराउनु, जीवन पर्यन्त सिक्ने अवसर दिलाउनु,व्यक्तिका तत्कालिक आवश्यकताहरु पुरा गराउनु, आफ्नो अधिकारका लागि क्रियाशील गराउनु आदि शिक्षाका स्वरुप हुन । औपचारिक रुपमा विद्यालय गएर नियमित शिक्षा आर्जन गर्न नसक्ने व्यक्तिहरुका लागि फुर्सदको समयमा छोटो अवधिमा शिक्षा प्रदान गर्ने कार्यक्रम नै अनौपचारिक शिक्षा हो ।

अनौपचारिक शिक्षाले सबै उमेर, रुचि, योग्यताका विद्यार्थीहरुलाई जीवनमा आवश्यक पर्ने ज्ञान, सीप र क्षमताको विकास गर्न मद्दत गर्दछ । यसको दायरा बढाउन र सबैलाई समेट्न विश्वमा यस्ता शिक्षाको विभिन्न रुपमा संचालन गर्दै आएका छन् । नेपालमा अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ शिक्षा, महिला शिक्षा, साक्षरता शिक्षा कार्यक्रम, विभिन्न वैकल्पिक साक्षरोत्तर विद्यालय कार्यक्रमहरु, आयमुलक कार्यक्रमहरु पर्दछन । यसको सन्दर्भमा साक्षरता भन्नाले दैनिक जीवनसँग सम्बन्धित साधारण वाक्यहरु लेखपढ गर्न जान्ने, आफुले बुझेका कुरा एक आपसमा राम्ररी सञ्चार गर्न सक्ने तथा साधारण हरहिसाब राख्न सक्ने व्यक्तिलाई जनाउछ । सन् १९९० को सबैका लागि शिक्षा विश्व सम्मेलन र सन् १९९० को डकार कार्य ढाँचाअनुरुप सन् २०१५ सम्ममा सवैका वयस्कहरुलाई आधारभूत तथा निरन्तर शिक्षाको पहुँच पुर्‍याउने लक्ष्य रहेको छ । लैंगिक समता अनुरुप नै अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत पर्ने प्रौढ साक्षरता, महिला साक्षरता, साक्षरोत्तर शिक्षा, वैकल्पिक विद्यालय शिक्षा कार्यक्रम, आयमूलक कार्यक्रम, सामुदायिक अध्ययन केन्द्र जस्ता कार्यक्रमहरु सरकारी तथा गैरसरकारी क्षेत्रबाट संचालित भईरहेका छन् । यी सम्पुर्ण कार्यक्रमहरु समन्वयात्मक ढंगबाट संचालन गर्न केन्द्रिय निकायका रुपमा शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत रही अनौपचारिक शिक्षा केन्द्रले गर्दछ ( अनौपचारिक शिक्षा केन्द्र, २०६३) ।

अनौपचारिक शिक्षालाई हालको अवस्थामा ल्याइपुर्‍याउन विभिन्न शिक्षाविद्, दार्शनिक र विद्वानहरुको ठूलो भूमिका रहेको छ । सर्वप्रथम सन् १९४० तिर प्रसिद्ध मनोवैज्ञानिक कार्लरोजर्सले स्वचेतन विद्यार्थी

केन्द्रित उपचार विधि र स्वनिर्देशन अधिकारका बारेमा वकालत गरी अनौपचारिक शिक्षाको शुरुवात गरे (कोइराला, २०५८) । मास्लो (१९५४), तथा स्किनर (१९०४) ले कुनै समयमा नयाँ सोच र विचारका साथ थप व्याख्या गरे, नोलस (१९७०) ले शिक्षण पद्धतिमा मानवतावादी सोच ल्याई बच्चा र प्रौढलाई एकै प्रकारले पढाउन हुन्न भन्ने विचार ल्याए । कोम्स (१९७३) र अहमद (१९८५) ले अनौपचारिक शिक्षालाई छुट्टै विधाको रुपमा प्रस्तुत गरे । स्टार्ट र सिमोनस् (१९८०) ले अनौपचारिक शिक्षाले निरक्षर प्रौढलाई साक्षर गर्नका साथै आयआर्जन र सीपमूलक कार्य तथा विकासको काममा लगाउन सकिने कुरामा जोड दिए । प्रौढ शिक्षा र कार्यमूलक प्रौढ शिक्षाले पढाइ, लेखाइ र साधारण हिसावमा जोड दिएको छ
(लुईटेल,२०५६) ।

नेपालको परिप्रेक्षमा अनौपचारिक शिक्षा प्रणालीको पूर्वीय दर्शनमा आधारित धर्मप्रधान र आध्यात्मिक किसिमको शिक्षाबाट प्रभावित भै परापूर्व कालदेखि विभिन्न ठाउँ, व्यक्ति वा धार्मिक स्थलबाट सञ्चालन हुदै आएको पाइन्छ । त्यसबेला दिइने शिक्षा अनौपचारिक प्रकृतिको थियो । ७ औं शताव्दीतिर आर्य संस्कृतिमा चेलाहरुले गुरुको आश्रममा शिक्षा लिन्थे जहाँ देवकुल, राजकुल, ऋषिकुल तथा गुरुकुल जस्ता केन्द्रहरु हुन्थे । यी संस्थाहरुमा ब्राम्ह्ण क्षेत्रीहरुले मात्र शिक्षा लिन पाउँथे । धार्मिक पुरोहितहरुले दिने शिक्षा आफ्ना धर्म मान्ने सबैलाई शिक्षा दिन्थे । लिच्छवीकालमा संस्कृत र कलाको विकास दरबारमा मात्र सिमित थियो (लुईटेल, २०५८ ) ।

मल्लकालीन अवधिमा शिक्षाको विकास शून्य नै थियो भने शाहकालको समयमा पृथ्वीनारायण शाहले नेपाल एकीकरणको शिलशिलामा युद्धमा जाने युवाहरुलाई सैनिक शिक्षा दिनुका साथै छिटफुट सीप विकास तालिम दिने गरेको पाइन्छ । जंगबहादुरको उदय सगै सर्वसाधारणलाई शिक्षाबाट बन्चित हुनु पऱ्यो । बझाङे राजा जयपृथ्वीबहदुर सिंह (१९५७) मा अक्षरांक नामक पुस्तकको माध्यमबाट पश्चिम नेपालमा शिक्षाको प्रचार-प्रसार गरे । शिक्षामा प्रतिबन्ध हुँदा हुँदै पनि चन्द्रशमशेरले नेपाली सेना बेच्ने चाहानाले साक्षरता शिक्षामा फुकुवा गरे । पद्मशमशेरका पालामा साक्षरता अभियानका रुपमा अनौपचारिक प्रौढशिक्षा कार्यक्रम वि.सं २००४ सालमा आधारशिक्षा प्रशिक्षण केन्द्र ताहचलमा सञ्चालित कार्यक्रम नै पहिलो प्रौढ शिक्षा मान्न सकिन्छ ( पोखरेल,२०५८) ।

सन् १९१७ मा महिलाहरुको आफ्नै प्रयासमा महिला समिति नामक संस्थाले सर्वप्रथम अनौपचारिक शिक्षा कार्यक्रम संचालन गरेका थिए तर नेपालमा अनौपचारिक शिक्षा कायक्रमको योजनाबद्ध रुपमा सुरु वि.स. २०१३ सालमा भएको हो । नेपालको इतिहासमा पञ्चवर्षे योजना अवधि सुरु भएको वर्ष पनि त्यही थियो । ने.रा.शि.यो.आ. २०१० ले शिक्षा क्षेत्रलाई व्यवस्थित गर्ने विभिन्न सुझाव दिए पनि कार्यान्वयन हुन सकेन । यद्यपि प्रथम पञ्च वर्षीय योजना अवधिमा नेपाल र यु.एस. ए.को संयुक्त आयोजनामा १००० प्रौढहरुलाई साक्षर बनाउने नीति लिई ३०१ प्रौढ केन्द्र खोलिए ( पोखेल, २०५५ ) । तर वि.स. २०१३ सालदेखि २०१८ साल सम्मको अवधिमा १८५४ वटा कक्षा केन्द्रबाट ४६,३५० प्रौढहरु साक्षर भएका थिए (अनौपचारिक शिक्षा केन्द्र,२०६२) । रा.शि.प.यो.(२०२८-३२) को मूल दस्तावेजमा प्रौढशिक्षालाई साक्षरता फैलाउने र कार्यमूलक प्रौढशिक्षा संचालन गर्ने हिसाबले विभिन्न संस्था र निकायलाई जिम्मा दिनु पर्ने सिफारिस गरेको थियो तर त्यसले गति लिन सकेन (दाहाल, २०६०) । वि.स. २०४६ सालमा प्रजातन्त्रको पुनर्वहालीपछि नेपाल सरकारले अनौपचारिक शिक्षालाई अझ व्यापक बनाउने र निरक्षर प्रतिशत न्यून पार्ने लक्ष्य अनुरुप गैरसरकारी संस्थालाई कक्षा सञ्चालन गर्ने जिम्मा दिइयो । त्यसपछि मातृभाषामा शिक्षा दिने रिफ्लेक्स विधि लगायत विभिन्न विधिबाट संघसंस्थाद्धारा यो कार्यक्रम संचालन हुदै आएको छ । रा.शि.आ.(२०४९) र उ.रा.शि.आ.(२०५५) को सिफारिस अनुसार अनौपचारिक शिक्षालाई अझ व्यापक बनाएको पाइन्छ (उ.रा.शि.आ.,२०५५) ।

नेपालको परिप्रेक्षयमा अनौपचारिक शिक्षाको आवश्यकतालाई हेर्दा निरक्षरताको उन्मूलन गर्न, गरिबी उन्मूलन गर्न, जनसंख्या नियन्त्रण गर्न, कृषि उत्पादन बढाउन, पारिवारिक चेतनाको विकास गर्न, विद्यालयमा खुदभर्ना दर बढाउन र अन्धविश्वासलाई हटाउन साक्षरता कार्यक्रमले सहयोग पुर्‍याउँछ । त्यसैगरी सरकारी तवरबाट भएका प्रयासहरुमा नेपालमा अनौपचारिक शिक्षा औपचारिक शिक्षाका थालनीसगै भएको मानिन्छ । प्रथम योजनाको सुरुवात देखिनै अनौपचारिक शिक्षालाई स्थान दिदै सरकारले विभिन्न विधिहरु प्रयोग गर्दै आइरहेको छ । सन् १९७० को दशकमा ३६ व्यञ्जन र १२ स्वरलाई तिनीहरुको बनावटको आधारमा १४ समूहमा विभाजन गरी निरक्षर प्रौढलाई साक्षर बनाउने काम भयो । सन् १९८० मा कि.वर्ड.एप्रोच को अवधारणा अपनाउदै नयाँ गोरेटो पुस्तक तयार पारी

त्यही अनुसार शिक्षा दिन थाल्यो । सन् १९९४ बाट  समुदाय सशक्तिकरण प्रविधिबाट साक्षर बनाउने फेरे साक्षरताको पुनः जीवनको प्रयोग गरी यो शिक्षा दिन थालियो (अधिकारी, २०५९) ।

अनौपचारिक प्रौढ शिक्षाको आवश्यकता महसुस गरी सरकारले नवौं योजना (०५४-०५९) को लागि ४७ करोड १८ लाख ९१ हजार बजेट छुट्याएको थियो । यसबाट ३२ लाख १६ हजार प्रौढ निरक्षरलाई साक्षर बनाउने लक्ष्य राखेको थियो । दशौं योजनामा  साक्षरता आयमूलक र जीवनपयोगी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गरी विशेषतः पिछडिएको समुदाय तथा महिलाको जीवनस्तर उकास्न मद्धत पुऱ्याई योजनाले निर्धारण गरेको साक्षरता प्रतिशत लक्ष्य हासिल गर्न १८ लाख ६६ हजार निरक्षर प्रौढहरु विशेषत महिला, दलित, पिछडिएको समुदाय लाई साक्षर बनाउनको लागि ९ लाख ३३ हजार नवसाक्षरलाई साक्षरोत्तर तहको शिक्षा प्रदान गर्ने र ती मध्ये ९३ हजार ३ सय जनालाई सीपमूलक तालिम प्रदान गर्ने अनौपचारिक प्राथमिक शिक्षातर्फ २ लाख बालबालिहरुलाई आधारभूत शिक्षा प्रदान गर्ने र निरन्तर शिक्षाको परीक्षणका निमित्त २०५ वटा सामुदायिक अध्ययन केन्द्रहरु स्थानीय निकायहरुको जिम्मेवारीमा स्थापना गर्ने कार्यक्रम रहेको थियो । नेपालमा सञ्चालित विभिन्न पञ्चवर्षीय योजनाहरुले पनि साक्षरता वृद्धि गर्ने उच्च लक्ष्य राखेर आवधिक योजना निर्माणहरु गरेको पाइन्छ (अनौपचारिक शिक्षा केन्द्र,२०६४) । सन् २००० सम्ममा विश्वबाटै निरक्षरता उन्मूलन गर्ने युनेस्कोको आह्वान अनुसार नेपालले ६७ प्रतिशत साक्षरता गराउन सन् १९९० देखि २००० सम्ममा प्रत्येक वर्ष ८ लाख निरक्षरतालाई साक्षर गराउनु पर्ने थियो । जसमा कूल शिक्षा बजेटको १० प्रतिशत अनौपचारिक शिक्षाका लागि छुट्याउनु पर्नेमा २ प्रतिशतभन्दा कम छुट्याएको पाइन्छ (दाहाल,२०६०) ।

नेपालमा योजनाबद्ध साक्षरता कार्यक्रम संचालन भएको पाँच दशक बितिसक्दा पनि ४३ प्रतिशत अझै निरक्षर छन् त्यसमा पनि वढी महिला निरक्षर छन् । यस जिल्लाको जनसंख्या २०५८ सालको जनगणना अनुसार जम्मा ८,४३,२२० मध्ये महिला ४,२०,३२५ र पुरुष ४,२२,८९५ छन् । १० वर्षको अन्तरालमा  जनसंख्या २४.९५ प्रतिशतले वृद्धि भएको छ । यस जिल्लाको वार्षिक वृद्धि दर २.२३ %, लैङ्गिक अनुपात १००.६१, जनघनत्व ४५४.५७, घरधुरी संख्या ८४३२.२ रहेको छ (जिल्ला पाश्वचित्र,२०६५) । यसप्रकार नेपालमा अनौपचारिक शिक्षाको सुरुवात भएको निकै भएपनि यसको प्रभाव र लोकप्रियता सोचेजस्तो हुन सकिरहेको छैन । नेपालको साक्षरता २०५८ सालको जनगणना

अनुसार ५३.७४ प्रतिशत देखिन्छ । यसरी हेर्दा अझै ४६ प्रतिशत मानिस निरक्षर रहेको पाईन्छ । यो निरक्षरता शहरी ईलाकामा भन्दा ग्रामीण ईलाकामा बढी रहेको छ । त्यसैले साक्षरता विकासका लागि गरिएका यतिधेरै प्रयासहरुले साक्षरता वृद्धिगर्न कस्तो भूमिका निर्वाह गर्न सकेको छ भन्ने मुलमुद्धा बनाई यस अध्ययनलाई अगाडी बढाइएको छ ।

## १.२ समस्याको कथन

मोरङ जिल्ला भौगोलिक दृष्टिले विविधता भएको जिल्ला हो । यहाँ सञ्चालित अनौपचारिक शिक्षाले विशेष महिलालाई जोड दिदै आइरहेको छ । यस्ता सञ्चालित कार्यक्रमहरुले साक्षरता वृद्धि गर्न कस्तो भूमिका खेलेको छ ?, संचालित कार्यक्रमको नतिजा कस्तो छ ?, व्यवसायिक सीपमूलक शिक्षा संचालन भएको छ छैन ?, प्रौढ साक्षरता कक्षा कार्यक्रमको उपलब्धिस्तरमा भए नभएको ?, कति उमेर समुहका सहभागीहरु यस शिक्षामा आबद्ध रहेका छन् ? र अध्ययन गर्ने सहभागीहरुको आर्थिक अवस्था के कस्तो छ ? जस्ता प्रश्न माथि छलफल गरी यससँग सम्बन्धित विभिन्न पक्षहरुको तथ्याङ्कहरुलाई समेटेर यो शोधकार्य गरिएको छ । यसको तथ्याङ्क माथि छानविन गरी निष्कर्ष दिन यो शोधकार्य गर्न लागिएको हो । साथै नेपालमा साक्षरता कार्यक्रम हरेक वर्ष सरकारी, गै.स.स बाट अनुदान दिई अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन भएको पाइन्छ । कार्यक्रम सञ्चालनका दृष्टिले साक्षरता वृद्धिदर जुन अनुपातमा हुनु पर्ने हो त्यो अनुपात हुन नसकेको भन्ने जनगुनासो देखिन्छ । यस्ता कार्यक्रमहरु मध्ये मोरङ जिल्लामा पनि केही कार्यक्रमहरु सञ्चालन भएको पाइन्छ । जसको लेखाजोखा यस अध्ययनमा गर्न खोजिएको छ ।

## १.३ अध्ययनको औचित्य

यसले अनौपचारिक प्रौढ शिक्षा कार्यक्रमको लागि निम्न कुरामा मद्दत पुऱ्याएको छ :

सरकारी स्तरबाट सञ्चालित साक्षरता एवं साक्षरोत्तर कक्षाबाट संख्यात्मक रुपमा साक्षरता प्रतिशत लक्ष्य अनुरुप बढेको छ छैन लेखाजोखा, प्रौढशिक्षा शिक्षा कार्यक्रमको वर्तमान अवस्था पहिचान गर्न, नमुना क्षेत्रभित्रको साक्षरता शिक्षाका स्थिति लक्ष्य अनुरुप छ छैन, सिकाइ उपलब्धिका कारणले सहभागीहरुको व्यवहारमा के कस्तो परिवर्तन ल्याएको छ, ? समाजमा निरक्षरता उन्मूलन कतिको भएको छ सो कारणहरुको पहिचान गर्नुको उद्धेश्यले नै यो विषयवस्तु छानिएको हो र अहिले सम्म पनि

यो विषयवस्तुमा यस क्षेत्रमा कसैले पनि अध्ययन अनुसन्धान नभएको कारणले गर्दा यस विषयवस्तुलाई समेटेर अध्ययन गरिएको छ । अनौपचारिक शिक्षा कार्यक्रमले साक्षरता अभिवद्धि गर्न सकारात्मक भूमिका खेलेको छ छैन त्यसको लेखाजोखा गर्नु आवश्यक भएकाले यो अनुसन्धान कार्य गरिएको हो र यस अध्ययनबाट योजनाकार, नीति निर्माता, अध्ययन अनुसन्धान गर्नेहरुलाई कार्यान्वयन गर्नको लागि मद्दत पुगेको छ ।

यसप्रकार यस अध्ययनवाट साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रमको कार्यान्वयन पक्षको वास्तविक चित्रणले यस कार्यक्रमको मूल उद्धेश्यलाई वोध गर्दछ । साक्षरता कार्यक्रममा देखिएका कमी कमजोरी हटाउन सम्वन्धित क्षेत्रका व्यवस्थापक, स्थानीय निरीक्षक, स.का., जि.शि.अ. एवं अन्य नीति निर्माता र सरोकारवालाहरुलाई निरीक्षण गर्ने आधार प्रदान गर्दछ, जसबाट सवल पक्ष र दुर्वल पक्षको पहिचान गरी आगामी दिनहरुमा यस कार्यक्रमलाई अझ बढी व्यापक बनाइ प्रौढ महिला तथा पुरुष, वैकल्पिक बाटो विराएकाहरुलाई सीपमूलक शिक्षाद्धारा उनीहरुको जीवनस्तर उकास्न यसले सहयोग पुऱ्याउछ भन्ने अपेक्षा राखिएको छ ।

## १.४ अध्ययनको उद्धेश्य

यस अध्ययनका निम्न उद्धेश्यहरु छन् :

क. साक्षरता शिक्षा कार्यक्रमको अवस्था पत्ता लगाउन ।

ख. साक्षरता शिक्षा कार्यक्रमको सिकाई उपलब्धिको लेखाजोखा गर्न ।

ग. साक्षरता शिक्षा कार्यक्रमको विश्लेषण गर्न ।

घ. साक्षरता शिक्षा कार्यक्रमको समस्या पहिचान गरी सुझाउन ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरु

यस अध्ययनमा रहेका अनुसन्धानात्मक प्रश्नहरु यसप्रकार रहेका छन् :

क. प्रौढ साक्षरता शिक्षा कार्यक्रमको अवस्था कस्तो छ ?

ख. प्रौढ साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रमको प्रभावकारिता कस्तो छ ?

ग. अनौपचारिक शिक्षा कार्यक्रमले साक्षरता वृद्धिमा कस्तो प्रभाव पारेको छ ?

घ. साक्षरता शिक्षा कार्यक्रममा प्रभाव पार्ने कारक तत्व के के हुन ?

ङ. प्रौढ साक्षरता शिक्षा कार्यक्रमले सहभागीहरुलाई के कस्तो सहयोग पुगेको छ ?

## १.६ अध्ययनको परिसीमा

यस अध्ययनको लागि समय, साधन छोटो र सीमित समयमा सबै क्षेत्रको अध्ययन गर्नु ज्यादै कठिन कार्य हुन्छ । यसकारण कुनै पनि अध्ययन सीमाबद्ध गरी अध्ययन गर्दा समयको वचत हुन जान्छ भने अर्को तर्फ अध्ययन वास्तविक एवं फलदायी हुन्छ । त्यसैले यो अध्ययन कार्यलाई पुरा गर्न मोरङ जिल्ला अर्न्तगतका ३ वटा गा.वि.स.(सुन्दरपुर, इन्द्रपुर र वेलबारी) भित्र सञ्चालित २/२ वटा प्रौढसाक्षरता कक्षालाई लिई अनौपचारिक शिक्षा कार्यक्रम भित्र सिमित गरिएको छ ।

## १.७ सम्बन्धित शव्दावलीको परिभाषा

साक्षरता : साक्षरता भन्नाले पढ्न, लेख्न र साधारण हरहिसाब गर्न सक्ने व्यक्तिलाई बुझाउँछ ।

अनौपचारिक शिक्षा : औपचारिक शिक्षाको घेरा भन्दा बाहिर रहेको शिक्षालाई अनौपचारिक शिक्षा भनिन्छ ।

सहभागी : सहभागी भन्नाले अनौपचारिक शिक्षा कार्यक्रममा सहभागी हुने बालबालिक र १५-६५ वर्ष सम्मका प्रौढ महिला र पुरुषलाई जनाउछ

सहयोगी कार्यकर्ता : यस कार्यक्रममा शिक्षकको भूमिकाको रुपमा जिल्लाबाट सहयोगी तालिम लिई ६ महिनाको लागि कार्यक्रम सञ्चालन गर्न नियुक्ती भएका व्यक्ति ।

केन्द्र : तोकिएको स्थान, गाउँ, टोल, पाटी, पौवा कुनै भवन जहाँ विहान बेलुका दिनको २ घण्टाको दरले निरक्षरहरु भेला भई पढ्ने स्थान ।

# परिच्छेद दुई : सैद्धान्तिक खाका तथा सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि अध्ययन अनुसन्धानकार्यलाई बढाउन निश्चित सिद्धान्तको आवश्यकता पर्दछ जसले गर्दा अध्ययनले दिशा दिलाउन सकोस अध्ययनलाई अगाडि बढाउन सहज होस भन्ने अपेक्षाले यस अध्ययनलाई **साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम** निम्न सिद्धान्तमा आधारित रहेको छ ।

स्टोन र ली (१९६०-१९७०) रायको अनुसार सामाजिक जागरण सिद्धान्तले कुनै व्यक्ति आफ्नो गन्तव्य वा लक्ष्यमा पुग्न खोज्दछ भने त्यहाँ बाधा अड्चन आउन सक्छ । यदि व्यक्तिको उच्च क्षमता, उच्च मनोबल र आत्मविश्वास भएको छ भने बाधा अड्चन घटाउन सक्छ । व्यक्ति कमजोर भएमा उसले वैकल्पिक बाटो खोज्दछ । शिक्षा क्षेत्रलाई मध्यनजर राख्ने हो भने शिक्षाको भेदभावपूर्ण नीतिले गर्दा सबैलाई समान अवसर नदिदाँ समाजमा अन्याय, अत्यचार र थिचोमिचो बढ्दछ एवं आफ्नो अधिकारको उपभोग गर्न नपाउँदा स्वभाविक रुपमा द्वन्द्व उत्पन्न हुन्छ र त्यसबाट सामाजिक संघर्ष वा विष्फोटन हुन्छ । जागरुक विद्यालयमार्फत आफ्नो अधिकार, कर्तव्य र स्वतन्त्रताबाट बन्चित रहेको मौलिक हकको उपभोग गर्न नपाएका राष्ट्रिय स्रोतको प्रतिफल चाख्नबाट बन्चित रहेकाहरुका लागि अनौपचारिक शिक्षाको व्यवस्था गर्नुपर्दछ (काफ्ले र साथीहरु, २०६१) ।

यसप्रकार व्यक्ति भनेको राष्ट्रको एउटा अभिन्न अंग हो । व्यक्ति व्यक्ति मिलेर परिवार बन्दछ । परिवार परिवार मिलेर एउटा समाज बन्दछ समाजलाई सभ्य र शिक्षित बनाउनका लागि औपचारिक

अनौपचारिक जुनसुकै माध्यमबाट शिक्षा प्रदान गर्नुपर्दछ । व्यक्ति आफ्नो लक्ष्य वा गन्तव्यमा पुग्न सक्ने क्षमतावान भएमा उसलाई त्यही अनुसारको शिक्षा दिइनुपर्दछ अन्यथा वैकल्पिक बाटो खोजी गरी लक्ष्य सम्म पुग्ने खालको शिक्षा उपलब्ध हुनुपर्दछ । १५-६५ वर्षसम्मका प्रौढहरु पढ्दापढ्दै विचमा छाडेकाहरुलाई समय सान्दर्भिक सीपमूलक शिक्षा दिएर उनीहरुको हक अधिकारलाई सुरक्षित गर्नुपर्दछ । फ्रेरे (१९५०) को साक्षरता सम्बन्धी सिद्धान्त अनुसार अनौपचारिक शिक्षाले व्यक्तिलाई मानवतावादी, न्यायमुखी, जनमुखी, शोषित एवं पीडितमुखी बनाउन सकियो । तयार गरेको खानालाई पाठ्यक्रम मान्ने भन्दा जनताले जानेबुझेको र भोगेकै विषयमा छलफल गरेर गहिरिदै जाने पाठ्यक्रमतिर डोऱ्याउन सकियो एककोहोरो विद्वत्व छाट्ने शिक्षकलाई अन्तक्रिया गर्ने र संवादमा जोड दिने व्यक्तिको रुपमा स्थापित गर्न सकियो । कागज र कलमबाट मात्र परीक्षाको व्यवस्था मिलाउन सकियो । इलिच (१९७०) मा जस्तो “विद्यालय मरिसक्यो” भन्ने किताब लेख्ने व्यक्तिहरुको आक्रोसलाई सृजनात्मक आलोचनाको बाटो बनाईदिन सक्यो समालोचनात्मक ढंगले सचेत बन्न संवादमा विश्वास गर्ने, विषयबस्तुमा लचकता दिने र आत्मविश्वास जगाउने क्षमता उत्पन्न गर्ने व्यक्ति जन्माइदिन सक्यो किताबै नपढाई पनि छलफल कै माध्यमले कक्षा संचालन गर्नसक्ने व्यक्ति बनाईदिन सक्यो (काफ्ले र साथीहरु, २०६१) ।

यसरी अनौपचारिक शिक्षाका माध्यमबाट व्यक्तिहरुले आफ्नो व्यवहारमा आईपर्ने सामान्य समस्या समाधान गर्ने देखि लिएर आत्म विश्वासका साथ निर्धक्क भएर आफ्नो उत्तरदायित्व बहन गर्न सक्ने क्षमता प्रदान गर्दछ । साक्षरता अभियान कार्यक्रमले उनीहरुमा पढ्ने लख्ने क्षमतामा मात्र वृद्धि नभएर उनीहरुलाई सीपमूलक, व्यवहारिक ज्ञानहरु दिई सशक्त बनाई समाजमा भएको अन्धविश्वास, कुरीति, पछौटेपनहरु हटाउदै सामाजिक रुपान्तरणका उपाय र बन्धनबाट छुट्कारा पाउन मुक्तिको बाटो खोजी गर्दै आएको शिक्षा नै अनौपचारिक शिक्षा हो ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यसअध्ययन अनुसन्धानकार्यलाई अगाडि बढाउनको लागि प्रचलित ऐन, नियमावलीहरु, अनुसन्धान शोधपत्रहरु, पुस्तक, पत्रपत्रिका, विज्ञप्ति, योजना कार्यक्रमहरुको पुनरावलोकन गरिएको छ जुन यस अध्ययनका लागि सान्दर्भिक देखिन्छन् ।

नयाँ गोरेटो, (१९७९) अनौपचारिक शिक्षा कार्यक्रम भन्ने एउटा परिवर्तनमुखी परीक्षण परियोजना सुरु गरियो । यसमा सहभागीहरुलाई परम्परागत तरीकाको साक्षरता अर्थात् लेखपढ र हिसाब गर्नमात्र होइन मौखिक र दृश्य साक्षरताको मिश्रित तरीकाबाट शिक्षा दिने कुरामा जोड दिएको थियो । यस पद्धतिमा सहयोगी कार्यकर्ताको भूमिका मुख्य हुन्छ (काफ्ले र साथीहरु,२०६१) ।

अनौपचारिक शिक्षा र साक्षरता अभियान कार्यक्रम कार्यान्वयन निर्देशिका (२०६२) अनुसार अनौपचारिक शिक्षा केन्द्रमा विभिन्न कारणले निरक्षर रहेका प्रौढ महिला तथा पुरुष व्यक्तिहरु र विद्यालय बाहिर रहेका वा बिचमै कक्षा छोडेका बालबालिकाहरुको लागि आधारभूत प्रौढ साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा र वैकल्पिक प्राथमिक शिक्षा प्रदान गर्ने उद्धेश्यले अनौपचारिक शिक्षाका विभिन्न कार्यक्रमहरु व्यवस्थित रुपले व्यवस्थापन र संचालन गर्न आवश्यक परेको हुँदा शिक्षा नियामवली २०५९ को नियम १९२ खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी शिक्षा तथा खेलकुद मन्त्रालयले निर्देशिका जारी गरेको छ (पौडेल, २०६४) ।

युनेस्को (२००६) को अनुसार नेपालमा अनौपचारिक शिक्षाको शुरुवात मध्य सत्तरीको दशक बाट भएको हो जुनबेला सेरिड ले 'Education for rural transformation' भन्ने कर्यक्रम लाहाचोक गा. वि.स. कास्की जिल्लामा सञ्चालन गरेको थियो । यो कार्यक्रमको नतिजा राम्रो आएपछि सत्तरीको अन्त्यतिर सेरिड पुनः ५ जिल्लामा एकीकृत अनौपचारिक शिक्षा कार्यक्रम योजना (Itegrated Non Formal Education Project) सञ्चालन गरियो । कार्यक्रम सिकारुमा केन्द्रितविधिमा आधारित थियो । यो कार्यक्रम नै त्यसबेलाको आधारशीला थियो । हाल सरकारी गैरसरकारी संस्थाहरु नेपालमा खुलेर यो क्षेत्रमा काम गरिरहेका छन् (पौडेल,२०६४ ) ।

प्रधान (२०६३) का अनुसार सबैको लागि शिक्षालाई निरन्तरता दिँदा साक्षरताले पनि प्राप्त गरेको छ । डकार सम्मेलनबाट ६ वटा लक्ष्यहरु मध्ये साक्षरतालाई पनि महत्वपूर्ण स्थान दिई जीवनको आधारभूत आवश्यकताभित्र साधारण साक्षर निरन्तर शिक्षाको आवश्यकतामाथि जोड दिएको छ । नेपालमा साक्षरतालाई एकातिर पढ्न, लेख्न र कार्यमूलक सीप प्रदान गरी प्रभावकारी जीवनयापन गर्नु रहेको छ

भने अर्कोतिर परिवर्तित समाजमा जीवनयापन गर्नका लागि निरन्तर शिक्षा मार्फत सूचना, संचार र प्रविधिबारे ज्ञान हासिल गर्नु रहेको छ (प्रधान, २०६३) ।

सबैका लागि शिक्षा जोम्तिन घोषणा पत्र (१९९०) अनुसार जसले सन् २००० सम्ममा निरक्षरता ५० प्रतिशत घटाउने लक्ष्य लिएको थियो तर यसले पूर्ण उद्धेश्य हासिल गर्न सकेन निरक्षरता उन्मूलन डकार घोषणा पत्र (२०००) अनुसार अहिले २०१५ सम्ममा सबैलाई शिक्षा अन्तर्गत अनौपचारिक शिक्षामा विभिन्न कार्यक्रमहरु सञ्चालन भईरहेका छन् (साक्षरता विशेषाङ्क, २०६१) ।

ओइसिडी, (१९९६) अनुसार साक्षरता सम्बन्धी नयाँ विचारको अवधारणा दिएको छ की "जसले पढाइ, लेखाइ र गणितीय सीपलाई मात्र साक्षरता नभनी प्रविधि र कम्प्यूटर सम्बन्धी साक्षरता, वातावरणीय साक्षरता तथा सामाजिक निपूर्णतालाई समेत साक्षरताभित्र समेट्छ" (हुमागाँई, २०६४) ।

अन्तराष्ट्रिय शैक्षिक योजना संस्था (IIEP) को अनुसार "सुविधाविहीन समूहभित्र सबै बालबालिका, किशोरकिशोरीहरु पर्दछन्, जो आर्थिक अवस्था, जातिय मौलिकता, बौद्धिक तथा भौगोलिक कारण, राजनीतिक कारणले गर्दा शिक्षा र तालिमको सुविधा पाउँदैनन् एवं युवा अवस्थामा रोजगारी तथा आयआर्जनको महत्वपूर्ण अवसरबाट वञ्चित रहन्छन् । कोही कोही विद्यालय भर्ना हुदैनन्, कोही आधारभूत साक्षरताको कोर्स पुरा गर्दैनन् त कोही आधारभूत शिक्षा पनि प्राप्त गर्दैनन्" (काफ्ले र साथीहरु, २०६१ :२५५) ।

युनेस्कोको २१औ शताव्दीको घोषणापत्र अनुसार शिक्षाका ४ स्तम्भहरु छन् जो यसप्रकार छन् : केही जान्नका लागि सिक्ने, केही गर्नका लागि सिक्ने, केही हुनका लागि सिक्ने र सहजीवनका लागि हुनु शिक्षा आवश्यक छ" (काफ्ले र साथीहरु, २०६१ :३१४) ।

शिक्षा आयोग (२०५५) अनुसार निरक्षरता उन्मूलनका लागि शिक्षा मन्त्रीस्तरीय विश्व सम्मेलन भएको थियो । उक्त सम्मेलनले निरक्षरता उन्मूलनका लागि राष्ट्रिय प्रयासका सन्दर्भमा साक्षरता कार्यक्रमको स्थान, यसमा प्रयोग गर्न सकिने विभिन्न माध्यम, विधि, ढाँचा र प्रविधि बारे चर्चा गर्दै यसको विकासमा दुई पक्षीय, बहुपक्षीय तथा अन्तराष्ट्रिय सहयोगको भूमिका आदि जस्ता विषयमा छलफलद्वारा साक्षरता कार्यक्रम देश तथा मनुष्यमात्रको सर्वाङ्गीण विकासका लागि अपरिहार्य भएको कुरालाई स्वीकार्दै विभिन्न महत्वपूर्ण निर्णयहरु गरेको थियो (अधिकारी,२०५९) ।

स्थानीय स्वायत्त शासन ऐन,(२०५५) अनुसार स्थानीय स्तरको विकासम साक्षरता दर महत्वपूर्ण छ । यसले विकासको प्रकृयालाई अगाडी र स्थानीय जनजीवनको स्तरलाई उच्च गराउनका लागि ठोस कार्य गर्न सक्छ । यस ऐनले तीनवटै स्थानीय स्तरका निकायहरुलाई अनौपचारिक शिक्षा तर्फ एउटा सक्रिय र प्रभावकारी साझेदारको रुपमा प्रस्तुत गरेको छ (अधिकारी, २०५९: १०१) ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग, (२०५५) अनुसार अनौपचारिक शिक्षालाई जनशक्तिकरणसँग जोड्नु पर्ने, समुदायमूलक अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्ने, गा.वि.स., नगरापालिका जस्ता स्थानीय स्तरका निर्वाचित निकायहरु, ग्रामीण युवा, राजनैतिक कार्यकर्ता र विद्यालयका शिक्षकहरुलाई समेत संलग्न गराइनुपर्ने, प्रचारप्रसार गरिनुपर्ने, खुल्ला शिक्षा सेवाको विस्तार गरिनुपर्ने जस्ता सिफारिस गरेको छ । साक्षरतालाई मौखिक साक्षरताबाट क्रमशः लिखित साक्षरता, साक्षरोत्तर र निरन्तर शिक्षाको रुपमा विकसित गरिनुपर्ने उल्लेख गरिएको छ (भट्टराई २०६४)

अनौपचारिक नीति, (२०६३) अनुसार राष्ट्रिय साक्षरता अभियान कार्यक्रम २०६५ का आधारमा योजना तथा कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनमा रहेको छन् । त्यस्तै, सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवं व्यवस्थापन निर्देशिका २०६२ र अनौपचारिक शिक्षा कार्यक्रम कार्यान्वयन निर्देशिका २०६४ मा पनि साक्षरता कार्यक्रम कार्यान्वयनमा रहेका छन्  (अधिकारी, २०६६) ।

**२.३ शैक्षिक उपादेयता**

प्रस्तुत सैद्धान्तिक खाका एवं सम्वन्धित पुनरावलोकनबाट हालसम्मका यस विषयसँग सम्वन्धित भई स्थापित भएका सिद्धान्तहरु र सिद्धान्तले बनाएका मुलभूत पक्षहरुको अध्ययन गर्दछ  त्यसैगरी सम्बन्धित साहित्यको पुनरावलोकनबाट साक्षरता वृद्धि सम्वन्धी भए गरेका नीति नियम, साक्षरता शिक्षाको अवस्था, भौतिक अवस्था, सिकाइ उपलब्धि र त्यसबाट प्राप्त हुने फाइदा, वेफाइदा, सवल र दुर्वलपक्षहरु निराकरण गरी त्यसबाट प्राप्त हुने अवसरको सृजना गरी सीपमूलक शिक्षाका साथै विभिन्न शिक्षा चुनौतीहरु लगायत थप नयाँ धारणाको खोजीगर्ने आधार प्रदान गरी यस शीर्षकमा अध्ययन गर्न थप सहयोग पुगेको छ भन्ने अपेक्षा लिएको छ । कुनै पनि साक्षरता शिक्षा कार्यक्रमको प्रभावकारिता र त्यसको कार्यान्वयन सँग सम्वन्धित पक्षहरुलाई दिशानिर्देश गर्न यस अध्ययनले सहयोग पुऱ्याउनुको साथै यस अध्ययनलाई चेतनामूलक सामाजिक जागरणको सिद्वान्त र साक्षरता सम्वन्धी सिद्वान्तलाई मध्यनजर गरि आगामि दिनहरुमा यसले सहयोग पुऱ्याउछ भन्ने अपेक्षा लिएको छ ।

# परिच्छेद तीन : अध्ययन विधि

## ३.१ अनुसन्धानात्मक ढाँचा

यो अध्ययनको प्रकृति अनुसार प्रौढसाक्षरता शिक्षा कार्यक्रमको प्रभावकारिता जाँच गर्न संकलित तथ्याङ्कहरुको वर्णानात्मक, व्याख्यात्मक, तुलनात्मक जस्ता तरिकाबाट गरिने हुनाले यस अध्ययनको ढाँचा गुणात्मक र परिमाणात्मक दुवैकिसिमको रहेको छ।

## ३.२ तथ्याङ्क संङ्कलन प्रक्रिया

### ३.२.१ जनसङ्ख्या

यस अध्ययनको जनसंख्याको रुपमा मोरङ जिल्ला अर्न्तगत सञ्चालित प्रौढसाक्षरता शिक्षा कार्यक्रम र यससँग सम्बन्धित पक्षहरु रहेका छन् ।

### ३.२.२ नमुनाको आकार

अध्ययन कार्यलाई पूर्णता दिन आवश्यक तथ्याङ्क संकलनका लागि देहाय अनुसारको नमूनाको आकार निर्धारण गरिएको छ।

| गा.वि.स. | साक्षरता कक्षा | स.का. | सहभागी | व्यवस्थापक | स्थानीय नि. |
|---|---|---|---|---|---|
| सुन्दरपुर | २ | २ | २/२ | १ | १ |
| इन्द्रपुर | २ | २ | २/२ | १ | १ |
| बेलबारी | २ | २ | २/२ | १ | १ |

स्रोत :स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका अनुसार नमुनाको आकारको रुपमा मोरङ् जिल्लाको ६५ गा.वि.स.मध्ये ३ वटा गा.वि.स.(सुन्दरपुर,इन्द्रपुर र वेलवारी) भित्र २/२ वटा साक्षरता कक्षा, त्यसभित्रका २/२ जना स.का., २/२ जना सहभागी, ३ जना व्यवस्थापक,३ जना स्थानीय निरीक्षक गरी जम्मा २४ लाई नमुनाको आकारको रुपमा रहने छ।

### ३.२.३ नमुना छनौटको विधि

नमूनाको छनौट गर्दा गा.वि.स., साक्षरता कक्षा, स.का., सहभागी,व्यवस्थापक र स्थानीय निरीक्षकलाई उद्धेश्यमूलक नमुना छनौट तथा जनगणना विधिबाट अध्ययनको लागि नमुना छनौट गरिएको छ ।

### ३.२.४ नमूना छनौटको आधार

अध्ययन कार्यलाई उद्धेश्यमूलक, व्यवस्थित र प्रभावकारी बनाउन नमूनाको छनौट गर्दा जातिगत, क्षेत्रगत, भूगोल, सजिलो, आर्थिक मितव्ययिता, यातायातको सुविधा, आफ्नो कार्यक्षेत्र समेतलाई आधार मानिएको छ । यसैगरी तथ्याङ्कको विश्वसनियता, वैधता, साक्षरता कक्षा समेतलाई आधार मानिएको छ ।

## ३.३ अनुसन्धानका साधन

यस प्रतिवेदनलाई पुरा गर्नका लागि अनुसन्धानको साधनको रुपमा प्रौढ साक्षरता सर्वेक्षण फारम, अन्तरवार्ता अनुसूचि, छलफल, भेटघाट, प्रश्नावली, अवलोकन फारम र अभिलेख अध्ययन आदिलाई साधनको रुपमा प्रयोग गरिएको छ, जुन अनुसुचीहरुलाई सर्न्दभ सामाग्री भन्दा पछाडि उल्लेख गरिएको छ ।

## ३.४ तथ्याङ्कका स्रोतहरु

यस प्रतिवेदनलाई सम्पन्न गर्नका लागि मुख्य रुपमा प्राथमिक र द्बितीय स्रोतलाई लिएको छ ।

### ३.४.१ प्राथमिक स्रोत

प्राथमिक स्रोतका रुपमा नमूना छनौटमा परेका स्रोत कक्षाका व्यवस्थापक, स.का., सम्पर्क व्यक्ति, सहभागी विद्यार्थीहरु आदि व्यक्तिलाई प्राथमिक स्रोतको रुपमा लिएको छ उनीहरुबाट आएको तथ्याङ्कहरुलाई प्राथमिक स्रोतको रुपमा विश्लेषण गरिएको छ ।

### ३.४.२ द्बितीय स्रोत

द्बितीय स्रोत अन्तर्गत सम्बन्धित जिल्ला शिक्षा कार्यलयका अभिलेख, सम्बन्धित कार्यालायका अभिलेख, संघसंस्था आयोग तथा प्रतिवेदनसँग सम्बन्धित तथ्याङ्क, विभिन्न ऐन, नियम, संविधान मौलिक हक

अधिकार सम्बन्धी अभिलेख लगायत त्रि.वि.वि मा विभिन्न विषयमा अनुसन्धान गरेका शोधपत्रहरुलाई द्वितीय स्रोतका रुपमा लिएको छ ।

## ३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया

यस प्रतिवेदनमा छनौट गरिएका जनसङ्ख्याबाट प्राप्त हुने प्राथमिक तथ्याङ्क र द्वितीय तथ्याङ्कहरुलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार वर्णनात्मक, तुलनात्मक र विश्लेशणात्मक पद्धतिबाट तथ्याङ्क विश्लेषण गरिएको छ । त्यसबाट प्राप्त नतिजालाई  तालिकीकरण गरी निष्कर्ष निकालिएको छ । यसैगरी प्राप्त तथ्याङ्कको तालिकिकरण गर्दै वृत्तचित्र, स्तम्भचित्रमा प्रतिशताङ्क निकालि विश्लेषण गरिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण तथा प्रस्तुतिकरण

यस प्रतिवेदनलाई पुरा गर्नको लागि अनुसन्धानका साधनका रुपमा अन्तरवार्ता अनुसूची, छलफल, भेटघाटा, प्रश्नावली, कक्षा अवलोकन फारमको प्रयोग गरी संकलन गरिएको तथ्याङ्कलाई आवश्यकता अनुसार चयन गरिएको उद्धेश्य अनुसार उपयुक्त शीर्षकको छनोट गर्दै प्रस्तुतीकरण, व्याख्या र विश्लेषण गर्ने काम यस अध्ययनमा भएको छ ।

## ४.१ प्रौढसाक्षरता शिक्षाको अवस्था

शिक्षा मानव विकासको मूल आधार हो । सामाजिक,आर्थिक, राजनैतिक आदि सम्पुर्ण पक्षको विकास र परिवर्तनमा शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । व्यक्तिको सर्न्दभमा शिक्षा मुख्यरुपमा चारकुराको लागि हो भनेर युनेस्को (१९८०) ले भनेको छ जस्तैः बन्नका लागि शिक्षा, गर्नको लागि शिक्षा, सिक्नका लागि शिक्षा र सगै बस्नका लागि शिक्षा । शिक्षाका चार स्वरुपहरुमा औपचारिक शिक्षा, अनौपचारिक शिक्षा, अतिरिक्त शिक्षा, र आकस्मिक शिक्षा रहेको छ । पहुँच पुग्नेहरुका लागि औपचारिक शिक्षा रह्यो भने औपचारिक शिक्षाले नसमेट्नेहरुका लागि अनौपचारिक रुपमा शिक्षा दिने सोचको सुरुवात भयो । अर्कोतिर औपचारिक शिक्षाले मात्र सबैलाई समेट्न नसकेको सर्न्दभमा समाजमा शिक्षाको आवश्यकता पुरा गर्न अनौपचारिक शिक्षाको सुरुवात भएको छ । साक्षरता शिक्षा अभियान कार्यक्रमले मानिसमा रहेका नकारात्मक धारणाहरुलाई पाखा लगाई सकारात्मक धारणा लिई अघि वढेको छ । साक्षरता शिक्षा भनेको निरक्षर मानिसहरुलाई स.का.द्वारा साक्षर बनाईने काम साक्षरता शिक्षा हो । साक्षरता शिक्षा अहिलेको परिवेशमा अपरिहार्य आधारभूत आवश्यकताको रुपमा रहेको छ । यस विश्व संगठनले निरक्षरतालाई उन्मूलन गर्नको लागि विश्वभरि निरक्षरता उन्मूलन गर्ने कार्यक्रम जारी गरिरहेको छ ।

### ४.१.१ नमूना क्षेत्रभित्रको साक्षरता शिक्षाको स्थिति

नमूना क्षेत्रको रुपमा ३ वटा गा.वि.स. मा संचालित प्रौढ साक्षरता शिक्षा कार्यक्रममा प्रत्येक गा.वि.स. मा २/२ वटा साक्षरता कक्षाका ६ जना स.का.,१२ जना सहभागी, ३ जना व्यवस्थापक र ३ जना स्थानीय निरीक्षकबाट तथ्याङ्क संकलन गरिएको छ । यसका आधारमा प्राप्त तथ्य तथ्याङ्कहरुलाई विविध तालिकामा राखी प्रस्तुतीकरण गरिएको छ ।

**तालिका : १, साक्षरता शिक्षाको शैक्षिक स्थिति**

| विवरण | भएको प्रतिशत | नभएको प्रतिशत |
|---|---|---|
| साक्षरता शिक्षा कार्यक्रमको जानकारी | (१० जना) ८३.३३ | (२ जना) १६.६६ |
| साक्षरता शिक्षा कार्यक्रमको सकारात्मक धारणा | (१२ जना) १०० | (०) |
| साक्षरता शिक्षामा महिला सहभागिता | (१० जना) ८३.३३ | (२ जना) १६.६६ |
| शैक्षिक सामग्री सुरुमै प्राप्त | (११ जना) ९१.६६ | (१ जना) ८.३३ |
| निरीक्षण तथा मूल्यांकन समयमै | (९ जना) ७५ | (३ जना) २५ |
| घरबाट पढ्न धेरै सहयोग | (५ जना) ४१.६६ | (७ जना) ५८.३३ |
| पढ्न निर्धारण गरेको समय उपयुक्त | (१२ जना) १०० | (० ) |
| प्रौढकक्षा बाट औषत रुपमा उपलब्धि | (८ जना) ६६.६६ | (४ जना) ३३.३३ |
| दैनिक व्यवहारमा सहयोग | (१० जना) ८३.३३ | (२ जना) १६.६६ |

(कोष्ठभित्रको अंकले सहभागी संख्या जनाउदछ ।) स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका १ लाई विश्लेषण गर्दा साक्षरता शिक्षा कार्यक्रमको जानकारी ८३.३३ प्रतिशत सहभागीहरुलाई जानकारी रहेको पाइयो भने कतिपय सहभागीहरुलाई साक्षरता शिक्षा कार्यक्रमको जानकारी नभएको देखियो । अनौपचारिक शिक्षा केन्द्रबाट संचालित साक्षरता शिक्षा कार्यक्रम प्रति १०० प्रतिशत सहभागीहरुको सकारात्मक धारणा रहेको देखियो । अधिकांश मानिसहरु निरक्षरताको भुमरीबाट टाढा रहनको लागि सरकारले बढी लगानी गरेर सन् २०१५ सम्ममा निरक्षरता उन्मूलन गर्ने कुरा घोषणा गर्‍यो । अध्ययनको ३ वटै गा.वि.स. का सहभागीहरुको १०० प्रतिशत सकारात्मक धारणा रहेको पाइयो । त्यसैगरी साक्षरता शिक्षा कार्यक्रममा महिलाको सहभागीता ८३.३४ प्रतिशत रहेको पाइयो भने गरिबीको कारणले गर्दा केही सहभागीहरुको अनुपस्थिति भएको पाइयो । साक्षरता शिक्षा कार्यक्रममा शैक्षिक सामग्रीको उपलब्धताले गर्दा ९१.६६ प्रतिशतले शैक्षिक सामग्री शुरुमै उपलब्ध भएको पाइयो भने केही स्थानहरुमा समयको अभाव, राजनीति अस्थिरताका कारणले शुरुकै अवस्थामा शैक्षिक सामग्री उपलब्ध नभएको पाइयो । निरीक्षण तथा मूल्यांकन ७५ प्रतिशत समयमै गरेको देखियो भने समय अभावका कारण राजनीतिक कारणले निरीक्षण र मूल्यांकन समयमै नगरेको अध्ययनले देखाएको छ । अध्ययनको क्रममा साक्षरता शिक्षाकार्यक्रमले निर्धारण गरेको समय १०० प्रतिशत नै उपयुक्त भएको पाइयो जसका कारणले सम्पूर्ण सहभागीहरुको आफ्नो घरको काम समयमै सकाएर उपस्थित भएको देखियो । अनौपचारिक शिक्षा केन्द्रबाट संचालित साक्षरता शिक्षाबाट प्राप्त औषत

उपलब्धी ६६.६६  प्रतिशतले भएको देखियो भने विभिन्न समस्याको कारणले गर्दा केही सहभागीहरुमा सोचे अनुसारको उपलब्धी प्राप्त नभएको पाइयो । दैनिक व्यवहारमा आइपर्ने समस्यालाई समाधान गर्ने कुरामा ८३.३३ प्रतिशत रहेको देखियो भने विभिन्न पारिवारिक समस्या, आर्थिक समस्या, शारीरिक समस्या आदिका कारणले गर्दा १६.६६ प्रतिशतलाई दैनिक व्यवहारमा सहयोग नपुऱ्याएको देखियो भन्ने कुरा अध्ययनले देखाएको छ ।

माथिको विश्लेषणबाट अनौपचारिक शिक्षा केन्द्रबाट संचालित साक्षरता शिक्षाकार्यक्रमको प्रभावकारिता अधिकांश सहभागीहरुको यस शिक्षाप्रति बढी भन्दा बढी आकर्षण, झुकाव भएतापनि कतिलाई कार्यक्रमको जानकारी नहुनु, समयमै शैक्षिक सामग्री उपलब्ध नहुनु, कसैलाई घरबाट अध्ययन गर्नको लागि सहयोग नहुनु, समयमा निरीक्षण, मूल्यांकन नहुनु सीप मूलक शिक्षा नहुनु आदिका कारणले गर्दा सोचे जस्तो उपलब्धी हासिल नहुने देखिन्छ तर पनि कतिपय स्थानहरुमा वा सुविधाहरु उपलब्ध भएका स्थानहरुमा यस अनौपचारिक शिक्षा केन्द्रबाट संचालित साक्षरता शिक्षा कार्यक्रमको शैक्षिक स्थिति सकारात्मक रहेको देखिन्छ ।

### ४.१.२ साक्षरता कक्षा कार्यक्रमको भौतिक अवस्था

कक्षा  संचालनका लागि चाहिने आवश्यक वस्तु तथा सामग्रीलाई भौतिक वस्तु भनिन्छ । कुनै पनि कार्यक्रम संचालन गर्नको लागि भौतिक सामग्रीको अतिआवश्यक पर्दछ । भौतिक सामग्रीको  अभावमा राखेका लक्ष्य तथा उद्धेश्यहरु प्रभावकारी रुपमा हासिल हुन सक्तैन, जति राम्रो भौतिक अवस्था उपलब्ध भयो त्यति नै राम्ररी राखेका लक्ष्य तथा उद्धेश्यहरु पुरा हुन्छन् जसमा विभिन्न भौतिक पक्षहरुलाई समावेश गरी अध्ययन क्षेत्रभित्र परेका साक्षरतता कक्षाहरुको भौतिक अवस्थाको स्थितिलाई निम्नानुसार प्रस्तुतीकरण गरिएको छ ।

**तालिका : २, साक्षरता शिक्षा कार्यक्रमको भौतिक अवस्थाको स्थिति**

| विवरण | भएको प्रतिशत | नभएको प्रतिशत |
|---|---|---|
| सहभागीहरुको लागि उपयुक्त पढ्ने व्यवस्था | (८जना) ६६.६६ | (४जना) ३३.३३ |

| | | |
|---|---|---|
| पढ्नको लागि उत्सुक | (९जना) ७५ | (३जना) २५ |
| ट्वाईलेट र शुद्ध पिउने पानीको व्यवस्था | (९जना) ७५ | (३जना) २५ |
| पंखाको व्यवस्था | (०जना) | (१२जना) १०० |
| सबैलाई पायक पर्ने ठाउँमा कक्षा संचालन | (१२जना) १०० | (०जना) |
| अध्ययन अध्यापन गर्ने उपयुक्त वातावरण | (७जना)५८.३३ | (५जना) ४१.६६ |
| डेक्स, बेन्चको व्यवस्था | (३जना) २५ | (९जना) ७५ |
| सुकुलको व्यवस्था | (४जना) ३३.३३ | (८जना) ६६.६६ |
| छुट्टै भवनको व्यवस्था | (१जना) ८.३३ | (११जना) ९१.६६ |
| कालोपाटीको व्यवस्था | (३जना) २५ | (९जना) ७५ |
| शैक्षिक सामग्री उपयुक्त | (२जना) १६.६६ | (१०जना) ८३.३३ |

(नोट : कोष्ठभित्रको अंकले सहभागी संख्या जनाउछ ।)  स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका २ लाई विश्लेषण गर्दा साक्षरता शिक्षा कार्यक्रमको भौतिक अवस्थाको स्थितिको अध्ययनले ६६.६६ प्रतिशत  उपयुक्त पढ्ने व्यवस्था भएको पाइयो भने ३३.३३ प्रतिशत सहभागीहरुबाट उपयुक्त पढ्ने व्यवस्था नभएको पाइयो । कुनै कुनै स्थानमा राम्रो भौतिक अवस्था भएको कारणले ७५ प्रतिशत सहभागीहरु अध्ययन गर्न उत्सुक देखिन्थे भने कम सुविधाका कारण केही सहभागीहरुमा अध्ययन गर्नमा उत्सुकता नरहेको देखियो । ९१.६६ प्रतिशतले ट्वाइलेट र शुद्ध पिउने पानीको व्यवस्था रहेको पाइयो भने केही स्थानहरुमा ट्वाइलेट र शुद्ध पिउने पानीको व्यवस्था नभएको पाइयो । अध्ययनका क्रममा कुनै पनि स्थानमा पंखाको व्यवस्था नभएको पाइयो । १०० प्रतिशत नै पायक पर्ने स्थानमा कक्षा संचालन हुने गरेको देखियो । केही भित्रि गाँउहरुमा पर्ने स्थानमा भएको कारणले गर्दा अध्ययनको लागि उपयुक्त वातावरण रहेको पाइयो भने ४१.६६ प्रतिशत अध्ययन अध्यापन गर्नको लागि उपयुक्त वातावरण नरहेको देखियो । २५ प्रतिशत मात्र डेक्स बेन्चको व्यवस्था रहेको पाइयो भने केही स्थानहरुमा ७५ प्रतिशत डेक्स बेन्चको व्यवस्था नभएको देखियो । ३३.३३ प्रतिशत सुकुलको व्यवस्था रहेको पाइयो र केही स्थानहरुमा सुकुलको व्यवस्था नभएको देखियो । त्यसैगरी ८.३३ प्रतिशतमा

भवनको व्यवस्था भएको देखियो र ९१.६६ प्रतिशतमा छुट्टै भवनको व्यवस्था नभएको पाइयो । २५ प्रतिशतले कालोपाटीको प्रयोग गरेको पाइयो भने ७५ प्रतिशतले कालोपाटीको प्रयोग नगरेको पाइयो । १६.६६ प्रतिशत उपयुक्त शैक्षिक सामग्री भएको र झारो टार्ने मात्र सोचाइका कारणले धेरै मात्रामा उपयुक्त शैक्षिक सामग्री नभएको पाइयो ।

उपयुक्त भौतिक व्यवस्था भएको खण्डमा सजिलै राखेका उद्धेश्यहरु पुरा हुन्छ भने कतिपय स्थानहरुमा भौतिक सामग्रीको अभावमा कार्यक्रमहरु सोचे जस्तो राम्ररी संचालन हुन सक्तैन । जति मात्रामा सहभागीहरुलाई भौतिक सुविधा दियो त्यति नै बढी उनीहरु अध्ययन अध्यापन गर्न उत्सुक देखिन्छन । कतिपय स्थानमा शुद्ध पिउने पानीको व्यवस्था राम्रो थियो भने कति स्थानमा शुद्ध पिउने पानीको व्यवस्था कम थियो  त्यसैगरी कतिपय स्थानहरुमा पढ्ने लेख्ने, बसाइको राम्रो व्यवस्था, डेक्स बेन्चको राम्रो व्यवस्था, पढ्ने पढाउने वातावरण राम्रो पाइयो भने कतिपय स्थानहरुमा कम पाइयो किनभने सडक छेउछाउका स्थानहरुमा ध्वनि प्रदुषणका कारण अध्ययन अध्यापन अवरोध पुऱ्याएको देखियो यति हुदाहुदै पनि साक्षरता शिक्षा कार्यक्रमको भौतिक अवस्था कमजोर भएता पनि राज्यले राखेका लक्ष्य तथा उद्धेश्यहरु केही स्थानहरुमा प्रभावकारी रुपमा पुरा भएको कुरा यस अध्ययनले देखाएको छ ।

### ४.१.३. साक्षरता शिक्षाको सामाजिक स्थिति

मानिस एक सामाजिक चेतनशील प्राणी हो । कतिपय मानिसहरु समाजमा सकारात्मक तरीकाले सोचेर बसेका हुन्छन् भने  कतिपय मानिसहरु समाजमा शिक्षाको कमीले  नकरात्मक तरीकाले सोचेर जीवन निर्वाह गरिरहेका हुन्छन् यस प्रकार मानिसले सधै सकारात्मक दृष्टिले सोचेर अगाडि बढ्नु पर्ने हुन्छ । प्रौढ साक्षरता शिक्षा कार्यक्रममा सहभागीहरुले स.का.प्रतिको दृष्टिकोण र स.का. ले सहभागीहरु प्रतिको दृष्टिकोण सकारात्मक हुनु नै सामाजिक स्थिति हो यसै  सामाजिक स्थितिलाई तालिकाबाट स्पष्ट पारिएको छ ।

**तालिका : ३, साक्षरता शिक्षाको सामाजिक स्थिति**


| विवरण | भएको प्रतिशत | नभएको प्रतिशत |
|---|---|---|
| स.का. र सहभागीहरु बिच दोहोरो अन्तरक्रिया | (३जना) ५० | (३जना) ५० |

| | | |
|---|---|---|
| सहभागीहरु सँग पढ्न आउदा सँगै बच्चा | (२जना) ३३.३३ | (४जना) ६६.६६ |
| स.का. ले शिक्षण गर्दा डराए जस्तो | (१जना) १६.६६ | (५जना) ८३.३३ |
| साक्षरता कक्षामा अतिरिक्त क्रियाकलाप हुने | (४जना) ६६.६६ | (२जना) ३३.३३ |

स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका ३ बाट साक्षरता शिक्षाको सामाजिक स्थितिलाई नियाल्दा ५० प्रतिशत स.का. र सहभागीहरु बिच दोहोरो अन्तरक्रिया भएको पाइयो भने लजाउने, धकाउने, आदिका कारणले गर्दा केही स.का. र सहभागीहरुबिच दोहोरो अन्तरक्रिया नभएको देखियो । पारिवारिक समस्याको कारण, केटाकेटी हेर्ने सदस्य नभएको कारणले ३३.३३ प्रतिशत सहभागीहरु पढ्न आउदा साथमा बच्चा ल्याएको देखियो र परिवारको सहयोग, शिक्षित परिवार भएको कारणले ६६.६६ प्रतिशत सहभागीहरुले चाहि पढ्न आउदा बच्चा नल्याएको पाइयो । तालिम अवधिको समय ज्यादै छोटो भएकोले, स.का. को योग्यता कम भएकोले १६.६६ प्रतिशत स. का. शिक्षण गर्दा डराएको पाइयो भने ८३.३३ प्रतिशत सहभागीहरुको योग्यता स्नातक तह सम्मको अध्ययन र बढी आत्मविश्वास भएको कारणले शिक्षण गर्दा नडराएको पाइयो । ६६.६६ प्रतिशत कक्षाहरुमा अतिरिक्त क्रियाकलाप गराएको पाइयो समय अभावका कारण, तालिमको अपर्याप्तता कारण, सहभागीहरु शिक्षकदेखि लाजधक, अप्ठ्यारो मान्नका कारणले ३३.३३ प्रतिशत कक्षाहरुमा अतिरिक्त क्रियाकलापमा भाग नलिएको पाइयो । यसलाई स्तम्भचित्रमा समेत देखाइएको छ ।

**चित्र : १ साक्षरता शिक्षाको सामाजिक स्थिति**




## ४.१.४ साक्षरता शिक्षाप्रति सरोकारवालाको दृष्टिकोण

साक्षरता शिक्षाको दृष्टिकोण एक महत्वपूर्ण पक्ष हो । साक्षरता शिक्षा अभियान कार्यक्रमले अधिकांश निरक्षर महिला तथा पुरुषहरुलाई साक्षर बनाउने लक्ष्य रहेको छ । साक्षरता शिक्षा कार्यक्रमले कतिपय सहभागीहरुलाई व्यवहारमा सहज बनाएको छ भने कतिपय सहभागीहरुलाई आर्थिक समस्या, गरिबीको समस्याको कारणले सोचे जस्तो उपलब्धी हासिल गर्न सकिरहेको छैन । यसर्थ साक्षरता शिक्षाप्रतिको दृष्टिकोणलाई निम्न अनुसारले प्रष्ट पार्न सकिन्छ ।

साक्षरता शिक्षा एक महत्वपूर्ण शिक्षा हो । साक्षरता शिक्षा अभियान कार्यक्रमले अधिकांश महिला तथा पुरुषहरुलाई साक्षर बनाउने लक्ष्य रहेको छ त्यसैले साक्षरता शिक्षाप्रतिको दृष्टिकोणलाई हेर्दा छनोटमा परेका स.का., सहभागी, गाउँ साक्षरता समितिको व्यवस्थापक, स्थानीय निरीक्षकहरुको सकारात्मक दृष्टिकोण रहेको अध्ययनले देखाएको छ तर छनौटमा परेका सहभागीहरुले साक्षरता शिक्षा सकारात्मक नै भएता पनि अनिवार्य रुपमा सीप मुलक, व्यवसायिक र व्यवहारिक शिक्षा भएको भए अझ राम्रो हुने थियो भनेर गुनासो गरेको देखियो । कतिपय सहभागीहरुको पारिवारिक समस्याको कारण, बच्चा हेर्ने मानिस नभएको कारण, आर्थिक समस्याको कारण, कक्षा संचालनको अन्तिम समयसम्म उपस्थित हुन नसकेको देखिन्छ । यी माथिका समस्याहरुले गर्दा अबका दिनहरुमा साक्षरता शिक्षा कार्यक्रम साथसाथै व्यवसायिक सीपमूलक शिक्षाका साथ अगाडी बढाउनु पर्छ भन्ने सहभागीहरुको धारणा रहेको देखियो । स.का.ले हाम्रो योग्यता, क्षमता, परिश्रमको कदर गर्दै पारिश्रमिकतामा हेरफेर हुनु पर्ने कुरामा जोड

दिएको पाइयो र छनौटमा परेका अधिकांश सहभागी, स.का., व्यवस्थापक र निरीक्षकहरुले साक्षरता शिक्षाकार्यक्रमको समय अवधि बढाइनु पर्ने कुरा अध्ययनले देखाएको छ । यसप्रकार बिषेश गरेर छनौटमा परेका सम्पूर्ण स.का., सहभागी, व्यवस्थापक र स्थानीय निरीक्षकहरुको सकारात्मक दृष्टिकोण हुदाहुदै पनि अनौपचारिक शिक्षा कार्यक्रमा प्रौढहरुका लागि सीपमुलक शिक्षा, व्यवहारिक शिक्षा भएको भए अझ राम्रो हुने थियो भन्ने जनगुनासो रहेको देखियो ।

स्टोन (१९६०) र ली (१९७०) को अनुसार सामाजिक जागरण सिद्धान्तले जब कुनै व्यक्ति आफ्नो गन्तव्यमा वा लक्ष्यमा पुग्नका लागि कुनै पनि वाधा अड्चनलाई हटाई लक्ष्यमा पुग्न हरपल कोशिस गरिरहेको हुन्छ । यदि व्यक्ति लक्ष्यमा पुग्नका लागि उच्च मनोबल, योग्य, सक्षम र आत्मविश्वास हुनुपर्दछ जुन कुरा पाउनका लागि शिक्षाले शिक्षाले सहयोग पुऱ्याइरहेको हुन्छ । यदि व्यक्ति कमजोर भएमा उसले वैकल्पिक बाटो खोजी जीवनमा आईपर्ने समस्यालाई समाधान गर्न लागि परिरहेको हुन्छ । यसरी वैकल्पिक शिक्षा लाई पनि औपचारिक शिक्षा सरह मध्यनजर राख्ने हो भने राज्यले राखेका लक्ष्य तथा उद्धेश्यहरु प्रभावकारी रुपले पुरा हुन सक्तछन् तर शिक्षाको भेदभावपूर्ण नीतिले गर्दा सबैलाई समान अवसर नदिँदा समाजमा अन्याय, अत्याचार र थिचोमिचो बढ्दछ र आफ्नो अधिकारको उपयोग गर्न नपाउदा स्वाभाविक रुपले समाजमा द्वन्द्ध सृजना हुन्छ यस द्वन्द्धलाई हटाउनको लागि स्टोन र ली ले सामाजिक जागरणको सिद्धान्त अनुसार दलित, उत्पीडित, पिछडिएको समुदाय, निरक्षर प्रौढ महिला तथा पुरुष तथा वैकल्पिक बाटो विराएकाहरुलाई सबैलाई समेटी यस शिक्षाको माध्यमद्धारा व्यवसायिक, सीपमूलक शिक्षा दिई समाजमा देखिएको निरक्षरता, वेरोजगारी, आर्थिक पछौटेपनहरुलाई समाधान गर्नका लागि अनौपचारिक शिक्षा केन्द्रले बढी भन्दा बढी लगानी बढाउनु पर्ने देखिन्छ ।

फ्रेरे (१९५०) को अनुसार साक्षर भन्नाले व्यक्तिले उसको जीवनमा आईपर्ने साधारण समस्याहरुलाई हल गर्न सक्ने व्यक्तिलाई साक्षर भनिन्छ । अनौपचारिक शिक्षाले व्यक्तिलाई मानवतावादी, न्यायमुखी, जनमुखी, पिडीतमुखी बनाउन सक्दछ । कुनै पनि व्यक्तिलाई तयार गरेको पाठ्यक्रमबाट अध्ययन गराउनु भन्दा जनताले जानेबुझेका,जीवनमा भोगेका विषयमा छलफल गरेर गहिरिदै जाने हो भने व्यक्तिले यस शिक्षाको माध्यमबाट उसको जीवनमा आइपर्ने समस्यालाई समाधान गर्न सक्दछ । जस्तो व्यक्तिलाई कागज र कलमबाट मात्र परीक्षाको व्यवस्था मिलाउने हैन र उनीहरुलाई, विद्यालय मात्र

स्थापित गरेर मात्र शिक्षा दिने हैन उनीहरुलाई समालोचनात्मक ढंगले सचेत हुने खालको शिक्षा प्रदान गर्नुपर्दछ । विशेष गरेर व्यवहारिक सीपमूलक विषयवस्तु प्रदान गर्नुपर्दछ । तर यसको विपरित अन्य सैद्धान्तिक शिक्षाहरु प्रदान गर्दा कोटा अनुसारको सहभागी नहुने, अध्ययनको लागि तोकिएको समय पुरा नगर्ने गरेको पाइयो ।

उनको भनाई अनुसार हाम्रो तथ्यलाई हेर्दा स्थानीय स्तरमा कोटा अनुसारको सहभागीको सहभागिता कम हुनु, कोटाअनुसारको कार्यक्रमहरु चल्न नसक्नु, सीपमूलक व्यवहारिक शिक्षा प्राप्त नहुनु, जुन अनुपातमा सहभागीहरु उपस्थित हुनुपर्ने हो त्यो अनुपातमा उपस्थिती दर कम हुनु, कक्षा छाड्ने दर बढी हुनु आदिका कारणहरुले गर्दा तोके अनुसारको उद्धेश्य प्राप्त हुन सकिरहेको छैन । त्यसैले यस सिद्धान्तले सैद्धान्तिक ज्ञान भन्दा व्यवहारिक ज्ञानलाई जोड दिएको पाइन्छ र हाम्रो अध्ययन छनौटमा परेका स्थानहरुमा व्यवसायिक सीपमूलक शिक्षा नभएको देखियो । अगामी दिनहरुमा यस कुरालाई पनि मध्यनजर गरी कार्यक्रम संचालनमा जोड दिनुपर्ने देखिन्छ भन्ने कुरा यस अध्ययनले देखाएको छ ।

## ४.२ साक्षरता शिक्षा कार्यक्रमको उपलब्धि

साक्षरता शिक्षा भनेको साधारणतया सामान्य लेखपढ र सही गर्न सक्ने क्षमतालाई साक्षर भनिन्छ । यो अनौपचारिक शिक्षा अन्तर्गत प्रौढ साक्षरता शिक्षा हो । यस अनौपचारिक शिक्षा कार्यक्रमका माध्यमबाट सरकारले बढी भन्दा बढी लगानी गरी सन् २०१५ सम्ममा निरक्षरता उमूलन गरी औपचारिक शिक्षाले समेट्न नसकेका १५-४५, ४५-६५ वर्ष सम्मका प्रौढहरुलाई शिक्षा दिई उनीहरुको जीवन व्यवहारमा आई पर्ने समस्यालाई समाधान गर्नु साथै साक्षरता सीपलाइ दिगोपन कायम राखी साक्षरता प्रतिशतमा अभिवृद्धि गर्नुको साथै जीवनमा आई पर्ने समस्यालाई सरल ढंगबाट समाधान गर्न सक्ने क्षमताको अभिवृद्धि गर्नु नै साक्षरता शिक्षा कार्यक्रमको उपलब्धि हो ।

### ४.२.१ प्रौढसाक्षरता शिक्षाको वर्तमान अवस्था

मातृभाषा वा राष्ट्रभाषामा लेखिएको दैनिक जीवनसँग सम्वन्धित छोटो र साधारण वाक्यहरु बुझेर लेखपढ, हरहिसाब गर्न सक्ने र बुझेका कुराहरुलाई एक आपसमा राम्ररी संचार गर्न सक्ने व्यक्तिलाई साक्षर मानेको छ (सिन्हा रामस्वरुप,२०६४) । वि.स.२००७ सालमा २ प्रतिशतमा सीमित रहेको

नेपालको साक्षरता वि.स. २०५८ सालमा ५३.७४ प्रतिशत पुगेको अध्ययनले देखाएको छ (शर्मा प्रमोदकुमार,२०६१) । अझै ४६ प्रतिशत मानिसहरु निरक्षरताको उन्मूलनमा रहेको पाइन्छ । हाल नेपालमा सन् १९९० को सबैको लागि शिक्षा विषयक विश्व सम्मेलन र सन् २००० को डाकार कार्यढाँचा अनुरुप सन् २०१५ सम्मका सबै वयस्कहरुलाई आधारभूत तथा निरन्तर शिक्षाको पहुँच पुऱ्याउने एवं शिक्षामा लैङ्गिक विभेदको अन्त्य गर्न लैङ्गिक समता हासिल गर्न नीति अनुरुप नै अनौपचारिक शिक्षा कार्यक्रम हाल संचालन भइरहेका छन् । जसमा फागुन १ गतेबाट शुरु भइ वैशाख मसान्तसम्म ३ महिने कार्यक्रम संचालन भएको थियो र कुनै कुनै स्थानहरुमा ६ महिने प्रौढ कक्षा संचालन हाल सम्म भईरहेको छ । जसमा साक्षरता शिक्षाको वर्तमान अवस्थामा के कस्ता उमेरका सहभागीहरु अध्ययनरत थिए, कतिले पुरै कक्षा अवधि लिए, भने कतिले आधा समय सम्म मात्र अध्ययन गरे आदि कुरालाई नमूना छनोटभित्र परेका कक्षाहरुबाट प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुतीकरण गरिएको छ ।

**तालिका : ४, प्रौढसाक्षरता शिक्षाको वर्तमान अवस्था**

| विवरण | भएको प्रतिशत | नभएको प्रतिशत |
|---|---|---|
| सहभगीहरुको सहभागिता उमेर १५-२५वर्ष सम्मको | (३जना) २५ | (९जना) ७५ |
| २५-४५ वर्ष सम्मका सहभागीहरुको संख्या | (९जना) ७५ | (३जना) २५ |
| ४५-६५ वर्ष सम्मका सहभागीहरुको उमेर समूह | (१०जना) ८३.३३ | (२जना) १६.६६ |
| अध्ययनका लागि तोकिएको समय उपयुक्त | (१२जना) १०० | (०जना) |
| व्यवहारिक,सीपमुलक शिक्षा प्राप्त | (०जना) | (१२ना) १०० |
| सहभागीहरुको पुरा संख्या | (३जना) २५ | (९जना) ७५ |
| सहभागीहरु पुरा समय सम्म अध्ययन | (८जना) ६६.६६ | (४जना) ३३.३३ |

(कोष्ठभित्रको अंकले शिक्षक संख्या जनाउँदछ ।) स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका ४ लाई विश्लेषण गर्दा साक्षरता शिक्षाको वर्तमान अवस्थालाई हेर्दा अनौपचारिक साक्षरता शिक्षाको साक्षरता कक्षामा १५-२५ वर्ष सम्मका सहभागिहरुको २५ प्रतिशत उपस्थित रहेको

पाइयो भने औपचारिक शिक्षण संस्थाहरुमा आबद्ध भएकोले १५-२५ वर्ष सम्मका सहभागिहरुको अनौपचारिक साक्षरता कक्षामा ७५ प्रतिशत उपस्थित नभएको पाइयो । २५-४५ वर्ष सम्मका सहभागीहरुको उपस्थित ७५ प्रतिशत रह्यो भने २५प्रतिशत सहभागीहरु २५-४५ वर्ष सम्मका नभएको पाइयो । ४५-६५ वर्ष सम्मका अशिक्षित, गरिबी, पिछडिएको समुदाय,उत्पीडित महिला, पढ्दा पढ्दै बिचमै छोडेको प्रौढ महिला तथा पुरुषहरुको ८३.३३ प्रतिशत सहभागिता रहेको देखियो भने शारीरिक अस्वस्थ्यता, मोतिबिन्दु, न्यून आर्थिक अवस्थाका कारण यस उमेर समूहका सहभागीको उपस्थित १६.६६ प्रतिशत नभएको पाइयो । अध्ययनको लागि तोकिएको समय १०० प्रतिशत नै उपयुक्त रहेको देखियो भने १०० प्रतिशत नै व्यवहारिक, सीपमुलक शिक्षा नभएको रहेको छ भन्ने धारण जनसहभागीहरुको देखियो । निजी तथा सार्वजानिक शैक्षिक संस्था स्थापनाको कारणले गर्दा सुगम स्थानहरुमा सहभागीहरुको सहभागिता संख्या २५ प्रतिशत मात्र रहेको अध्ययनले देखाएको र ७५ प्रतिशत सहभागीहरुले सहभागिता नजनाएको पाइयो । ६६.६६ प्रतिशत सहभागीहरुले अध्ययनमा पुरै समयसम्म सहभागिता देखियो भने ३३.३३ प्रतिशत सहभागीहरुले आफ्नो व्यवहारिक र आर्थिक समस्याको कारणले पुरै समयसम्म सहभागिता नजनाएको पाइयो ।

### ४.२.२. प्रौढसाक्षरता शिक्षाको सिकाइ उपलब्धिको स्थिति

सहभागीहरुले अध्ययन पश्चात के कति कस्ता कस्ता ज्ञानहरु हासिल गरे सोको आधारमा क्षमता वृद्धि हुनु नै सिकाइ उपलब्धि हो (सिन्हा रामस्वरुप, २०६४) । सिकाइमा राखिएका उद्धेश्य अनुरुप सहभागीहरुको मानसिक क्षमतामा वृद्धि, पढ्ने लेख्ने सीपको विकास, मनमा लागेका कुराहरु व्यक्त गर्ने सीपको विकास, चिठीपत्र पढ्ने सीपको विकास हुनु नै सिकाइ उपलब्धि हो, जसमा कति सहभागीहरुले के कति मात्रामा कुन कुन सीप हासिल गरे भन्ने कुरालाई तालिकामा देखाइएको छ ।

**तालिका : ५, प्रौढसाक्षरता शिक्षाको सिकाइ उपलब्धिको स्थिति**


| विवरण | भएको प्रतिशत | नभएको प्रतिशत |
|---|---|---|
| सहीमात्र गर्न सक्ने क्षमता | (१०जना) ८३.३३ | (२जना) १६.६६ |
| मनमा लागेका कुराहरु लिखित रुपमा व्यक्त गर्न सक्ने क्षमता | (५जना) ४१.६६ | (७जना) ५८.३३ |
| सहीगर्न, लेखपढ गर्न र चिठीपत्र लेख्न सक्ने | (४जना) ३३.३३ | (८जना) ६६.६६ |

| | | |
|---|---|---|
| पसलको हिसाब किताब राख्न सक्ने क्षमताको विकास | (८जना) ६६.६६ | (४जना) ३३.३३ |
| पढ्ने सीपको क्षमताको विकास | (९जना) ७५ | (३जना) २५ |

स्थलगत सर्वेक्षण, २०६६

माथिको तालिका ५ अनुसार साक्षरता शिक्षाको सिकाइको शैक्षिक उपलब्धीको विश्लेषण गर्दा सहीमात्र गर्न सक्ने क्षमताको विकास ८३.३३ प्रतिशत भएको पाइयो भने १६.६६ प्रतिशत सही गर्न नसक्ने तर पढ्न मात्र सक्ने क्षमताको विकास भएको देखियो । परिवारमा सहभागीका छोराछोरीहरुले घरमा पनि पढ्न लेख्न सिकाएको कारणले र ध्यानपूर्वक अध्ययनमा चासो देखाएको कारणले ४१.६६ प्रतिशत सहभागीहरुले मनमा लागेका कुराहरुलाई खुलस्त तरिकाले लिखित रुपमा व्यक्त गर्ने क्षमताको विकास भएको तथ्याङ्कले देखाएको छ भने ५८.३३ प्रतिशत सहभागीहरुले मनमा लागेका कुराहरुलाई लिखित रुपमा व्यक्त गर्न नसक्ने भएको पाइयो किनभने उनीहरुले पढ्ने, लेख्नेलाई मात्र ध्यान दिने भन्दा पनि आर्थिक समस्याको कारणले दैनिक आइपर्ने समस्यालाई समाधान गर्नको लागि पढ्नमा ध्यान नदिएको पाइयो । त्यसैगरी सही गर्ने, शुद्ध सितले लेखपढ गर्ने र चिठीपत्रहरु लेख्न सक्ने क्षमताको विकास ३३.३३ प्रतिशत सहभागीहरुले गरेको पाइयो भने ६६.३३ प्रतिशत सहभागीहरुमा यी माथि उल्लेखित सीपको विकास नभएको दखियो । यसरी नै बढी मेहनत र परिश्रमका कारण, पारिवारिक वातावरणका कारणले ६६.६६ प्रतिशत सहभागीहरुमा पसलको हिसाव किताब राख्न सक्ने क्षमताको विकास भएको पाइयो भने केही सहभागीहरुमा यो क्षमताको विकास नभएको पाइयो । ७५ प्रतिशत सहभागीहरुमा पढ्ने मात्र सीपको विकास भएको र २५ प्रतिशत सहभागीहरुमा पढ्नुको साथ साथै सबै कार्य गर्न सक्ने क्षमताको विकास भएको अध्ययनले देखाएको छ । यसलाई स्तम्भचित्रमा समेत देखाइएको छ ।

**चित्र : २ सिकाइ उपलब्धिको स्थिति**




यसप्रकार शैक्षिक उपलब्धिको स्थितिलाई समग्रमा अध्ययन गर्दा समाजमा विभिन्न वातावरणमा रहेका मानिसहरु हुन्छन् कुनै परिवारमा अध्ययन गर्नको लागि खुला वातावरण रहेको हुन्छ भने कुनै परिवारमा संकुचित वातावरण रहेको हुन्छ । त्यसैगरी कसैको आर्थिक अवस्था मजबुद भएको हुन्छ भने कसैको आर्थिक अवस्था कमजोर भएको कारणले उनीहरुले पढाइ भन्दा पनि आफ्नो दैनिक जीवनमा आईपर्ने समस्यालाई समाधान गर्नेतर्फ ध्यान दिएको कारणले सोचेजति उपलब्धि नभएको पाइयो ।

## ४.२.३. साक्षरता शिक्षाप्रति सहभागीहरुको दृष्टिकोण

साक्षरता शिक्षालिई सकेपछि पढ्न र लेख्न जान्ने भएपछि जीवनमा आइपर्ने समस्यालाई समाधान गर्न सकिन्छ । विभिन्न समस्याहरुसँग जुँध्दै अगाडि बढ्न सकिन्छ भन्ने मानसिकता रहेको छ, तर यस अध्ययनमा देखिएको केही सहभागीहरुको आर्थिक समस्या, गरिबीको समस्याको कारणले गर्दा उनीहरुले तोकिएको समय अनुसार प्रौढसाक्षरता शिक्षा पुरा गर्न नसकेको बताउनुको साथै सरकारले सहभागीहरुको आर्थिक अवस्थाको पहिचान गरि सहभागीहरुलाई अध्ययनको लागि छुट्टै भत्ताको व्यवस्था गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ किनभने हामीले बिहान बेलुका दैनिक रुपमा श्रम गरेर आफ्नो घरपरिवार केटाकेटीलाई हेर्नु पर्ने हुन्छ । विशेष गरेर साक्षरता सीपको साथसाथै व्यवसायिक सीपमूलक शिक्षा व्यवहारिक शिक्षा हुनुपर्ने कुरामा सहभागीहरुको विशेष जोड रहेको छ ।

स्टोन (१९६०) र ली (१९७०) को अनुसार सामाजिक जागरण सिद्धान्तमा भनेका छन् व्यक्तिलाई आफ्नो लक्ष्यमा पुऱ्याउनका लागि कुनै वाधा अड्चन हटाउन र आत्मविश्वास लाई मजबुद बनाउन समाजमा चेतनामूलक कार्यक्रमहरुको माध्यमबाट जनतालाई जागरण गराउनु पर्दछ । जति बढी चेतनामूलक शिक्षा, व्यवहारिक सीपमूलक शिक्षा प्रदान गर्‍यो त्यतिनै बढी साक्षरता शिक्षा कार्यक्रमको उपलब्धि बढी हुने, सिकाइ उपलब्धिमा वृद्धि हुने, सहभागीहरु निरन्तर रुपमा कक्षामा उपस्थित भइ तोकिएको समय अवधि पुरा गर्ने गर्दछन् । यसको विपरित अन्य कार्यहरु भएमा तोकिएको लक्ष्य तथा उद्धेश्यहरु पुरा हुन सक्दैन । यसप्रकार केही सहभागीहरुको आर्थिक अवस्था ज्यादै न्यून भएका कारणले समाजमा लक्षित वर्गहरुलाई उनीहरुको जीवनस्तर उकास्नका लागि यस शिक्षाको माध्यमबाट व्यवहारिक सीपमूलक शिक्षामा जोड दिनु पर्दछ भन्ने धारणा शिक्षाविद्हरुको रहेको छ ।

फ्रेरे (१९५०) को सिद्धान्त अनुसार अनौपचारिक शिक्षाका माध्यमबाट व्यक्तिहरुले आफ्नो जीवनमा आइपर्ने सामान्य समस्यादेखि लिएर समाजमा रहेका कुरीति अन्धविश्वासलाई तोडर आत्म विश्वासका साथ निर्धक्क भएर परिवारमा रहेका समस्या, समाजमा रहेका समस्याहरुलाई छलफल गरी समस्या समाधान गर्न सक्तछन् । पाठ्यक्रमलाई सीमित घेरामा नराखी समय सार्न्दभिक व्यवहारमा आधारित पाठ्यक्रम तयार गर्नु पर्दछ । यसरी विद्यालयको घेरामा मात्र सीमित नराखि खुला रुपले सबै वर्ग, समुदाय र लक्षित समुदायले अध्ययन गर्न पाउदछन् । उनीहरुलाई किताबको माध्यमबाट अध्ययन नगरिकन कुनै विषयसँग सम्बन्धित रहेर कुनै व्यवहारिक सीपमूलक ज्ञान प्रदान गर्नु पर्दछ । कतिपय सहभागीहरुले अध्ययन पश्चात उनीहरुमा आइपर्ने व्यवहारिक समस्यालाई समाधान गर्न सक्ने भएका छन् अझ यस शिक्षाको माध्यमबाट सीपमूलक, व्यवहारिक ज्ञानदिई सशक्त बनाई समाजमा भएका कुरीति अन्धविश्वास पछौटेपन हटाउदै सामाजिक रुपान्तरण गर्ने उपायहरु पहिल्याउने कुरामा जोडदिनुका साथै जतिबढी छलफल, संवादका माध्यमबाट अध्ययन अध्यापन गऱ्यो त्यति नै बढी उनीहरुमा आत्मविश्वास हुने, सिकाइ उपलब्धी बढी हुने, डरलाज नहुने भन्ने कुरामा शिक्षाविद्हरुको भनाइ रहेको छ ।

यसरी यी दुई शिक्षाविद्को भनाइ माथिको तथ्यहरुसँग मेल खाएको छ । प्रौढशिक्षा अध्ययन गर्ने सहभागीहरु सबै जना समान स्तरका हुदैनन् । विभिन्न जातजाति, वर्ग समुदाय लक्षित वर्ग, सिमान्तकृत वा आर्थिक रुपले पिछडिएका समुदायहरु हुन्छन् । यिनीहरुको सबैको आर्थिक स्थिति समान हुदैन समाजमा कोही आर्थिक रुपले सक्षम हुन्छन् भने कोही सहभागीहरुको आर्थिक अवस्था ज्यादै न्यून भएका हुन्छन् यशर्थ तिनीहरुको आवश्यकतालाई ध्यान राखेर समय सार्न्दभिक व्यवहारिक सीपमूलक शिक्षा प्रदान गर्नु पर्दछ । व्यक्तिलाई एउटा तयार गरेको सैद्धान्तिक पाठ्यक्रमको आधारमा साक्षरता सीपलाई गर्ने हैन उनीहरुलाई सृजनात्मक सीपमूलक शिक्षा प्रदान गर्नु पर्दछ जसका कारण तोकिएको समयसम्म सहभागीहरुले आफ्नो सहभागिता जनाउदछन्, कक्षा छाडने दर कम हुन्छ । यसकारण अहिलेको तथ्याङ्क अनुसार सहभागीहरुले अध्ययनका लागि तोकिएको पुरै समयसम्म आफ्नो सहभागिता नजनाएको, कक्षा छाडने दर वृद्धि भएको, शैक्षिक उपलब्धि कम भएको,राज्यले गरेका लगानी बालुवामा पानी हाले सरह खेर गएको देखिन्छ त्यसैले यस्ता समस्याहरुलाई समाधान गर्नको लागि सामाजिक जागरणको चेतनामूलक शिक्षाका माध्यमबाट व्यवहारिक पाठ्यक्रम तयार गरी लक्षित वर्गहरुको जीवनस्तर उकास्नु पर्ने यस अध्ययनले देखाएको छ । हाम्रो अध्ययनमा पनि यस्ता समस्याहरु निकै भएकोले विभिन्न साहित्य, सिद्धान्तहरुसँग यस अध्ययनले मेल खाएको देखिन्छ ।

## ४.३ प्रौढसाक्षरता शिक्षाकार्यक्रमको विश्लेषण

प्रौढसाक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रमलाई हेर्दा साक्षरता शिक्षाको स्थिति अनुसार तथ्याङ्कको विश्लेषण गर्दा सकारात्मक नकारात्मक दुवै पक्ष रहेको छ भने भौतिक अवस्थामा सहभागीहरुको लागि उपयुक्त पढ्ने व्यवस्था कम भएको पाइयो उपयुक्त पढ्ने व्यवस्था नभएको कारणले २५ प्रतिशत सहभागीहरु पढ्नको लागि उत्सुकता नभएको देखियो । ५० प्रतिशत स.का.र सहभागीहरु वीच दोहोरो अन्तरक्रिया भएको पाइयो भने लाज, डर त्रासका कारणले गर्दा केही सहभागीहरुले शिक्षकहरु विच दोहोरो अन्तरक्रिया नगरेको पाइयो । यसैगरी साक्षरता शिक्षा अभियान कार्यक्रमले अधिकांश निरक्षर महिला तथा पुरुषहरुलाई साक्षर बनाउने लक्ष्य रहेको छ कतिपय सहभागीहरुले यस प्रौढसाक्षरता कक्षा कार्यक्रममा कार्यक्रमको अन्तिम समयसम्म निरन्तर रुपमा शिक्षा आर्जन गरेको पाइयो भने कतिपय स्थानका सहभागीहरुले उनीहरुको आर्थिक, सामाजिक, शारीरिक, पारिवारिक आदि समस्याको कारणले र दैनिक रुपमा ज्यालादारी काम गर्न जानुपरेकोले

कार्यक्रमको अन्तिम समयसम्म निरन्तर रुपले अध्ययन नगरेको पाइयो यसरी लक्षित वर्ग र पिडित समुदायलाई पनि यस शिक्षा भित्र कार्यक्रमको पुरै समय र दैनिक रुपमा सहभागी गराउनुका लागि राज्यले उत्पिडीत वर्ग समुदायलाई मध्यनजर गरी अध्ययन वापत सुहाँउदिलो भत्ताको व्यवस्था गर्नुपर्ने देखिन्छ । प्रायः अधिकांश सहभागीको आर्थिक अवस्था ज्यादे न्यून भएका कारणले गर्दा पढ्ने रहर, इच्छा र चाहाना हुदाहुदै पनि आर्थिक अवस्थाका कारणले दैनिक रुपमा ज्यालादारी गर्न जानुपर्ने वाध्यताका कारण पुरै समय र निरन्तर रुपमा अध्ययन नगरेको पाइयो र राज्यले राखेका उद्धेश्यहरु सहज रुपले प्रभावकारी नभएको देखियो, जसको कारणले गर्दा राज्यले गरेको लगानी बलौटामा पानीहाले सरह भइरहेको   कुरा अध्ययन बाट प्रमाणित हुदै आएको पाइन्छ र यो कुरालाई चिन्तन मनन गरी लक्षित समुदायलाई मध्यनजर गरी उनीहरुको दैनिक जीवनमा आइपर्ने समस्यालाई ध्यानमा राखेर व्यवसायिक सीपमूलक शिक्षा प्रदान गर्नुको साथै न्यून आर्थिक अवस्था भएका सहभागीहरुलाई समेत अध्ययन गर्न आएवापत अध्ययन भत्ताको व्यवस्था हुनुपर्ने कुरामा सम्पुर्ण अध्ययन छनौटमा परेका सदस्यहरुको भनाई रहेको पाइयो ।

## ४.४ साक्षरता शिक्षा कार्यक्रमका समस्या

अनौपचारिक साक्षरता शिक्षा कार्यक्रममा प्रौढसाक्षरता कक्षाकार्यक्रमका स्रोत शिक्षक/स्थानीय निरीक्षक, सहभागी/स.का.,व्यवस्थापन समितिका पदाधिकारीहरुबाट औल्याएका समस्याहरुलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

### ४.४.१ स्रोतशिक्षक/स्थानीय निरीक्षकबाट औल्याएका समस्याहरु

शिक्षा एक दैनिक रुपमा निरन्तर चलिरहने प्रणाली हो । औपचारिक होस वा अनौपचारिक, आकस्मिक होस वा अरिक्तिक जुनसुकै माध्यमबाट पनि शिक्षा निरन्तर रुपमा आर्जन भइरहेको हुन्छ । यसैक्रममा सुन्दरपुर, इन्द्रपुर, र वेलबारी गा.वि.स.मा संचालित साक्षरता शिक्षा कार्यक्रमलाई अध्ययन अनुसन्धान गर्दा स्रोतशिक्षक/स्थानीय निरीक्षकबाट औल्याएको समस्याहरु यसप्रकार रहेको छ ।

आर्थिक अवस्था कमजोरको कारणले सोचे अनुसारको जनसहभागिता जुटाउन समस्या परेको छ विशेष गरेर सरकारले आर्थिक रुपमा पिछडिएको समुदायलाई मध्यनजर गरी उनीहरुले अध्ययन पश्चात के कस्ता कार्यहरुमा क्षमता देखाउन सक्छन् त्यो क्षमता अनुसारको कार्य किटान नगरिनु । साक्षरता

निवारण नै सबैभन्दा ठूलो हैन उनीहरुलाई उनीहरुको जीवनमा आईपर्ने समस्यालाई समाधान गर्ने खालका आधारभूत सीपमूलक व्यवहारिक शिक्षा हुनुपर्ने । शैक्षिक सामग्री उपयुक्त नहुनु, कक्षा छाड्ने दरमा वृद्धि हुनु सक्षम स.का. को छनौट गर्न नसक्नु आदि ।

### ४.४.२ सहभागी/स.का.ले औल्याएका समस्याहरु

अध्ययन अध्यापनका क्रममा सहभागी र स.काले औल्याइएका समस्याहरु यसप्रकार रहेका छन् ।

साक्षरता सीपसँग विशेष गरेर व्यवहारिक सीपमूलक शिक्षा नहुनुका कारण सहभागीहरुको उपस्थित कोटाअनुसारको नहुनु, स.का. हरुको तालिम अवधिको समय ज्यादै छोटो हुनुको कारण अध्यापनमा अप्ठ्यारो हुनु, अध्ययन अध्यापनको लागि छुट्टै भवनको व्यवस्था नहुनु, शैक्षिक सामग्रीहरु टिकाउ भरपर्दो र समयमा उपलब्ध नहुनु, स.का.को पारिश्रमिकता ज्यादै न्यून हुनु, आर्थिक समस्याको कारण सहभागीहरुको कम उपस्थिति भइ अध्ययन अध्यापनमा जागर नआउनु, सहभागीहरुलाई अध्ययन भत्ताको व्यवस्था हुनुपर्ने, कतिपय स्थानका सहभागीहरुको आर्थिक अवस्था ज्यादै न्यून भएको कारणले पढ्ने मन हुदाहुदै पनि दैनिक रुपमा ज्यालादारी काम गर्नुपर्ने कारणले गर्दा अध्ययनमा मुख्य समस्या रहेको देखिन्छ । यदि सरकारले अध्ययन गर्न गएवापत भत्ताको व्यवस्था गरिदिएको भए ज्यालादारी काम गर्ने समय अध्ययन कार्यमा लगाउने थियौ भन्ने धारणा यस अध्ययन क्षेत्रका सदस्यहरुको रहेको छ ।

### ४.४.३ व्यवस्थापन समितिका पदाधिकारीबाट औल्याएका समस्याहरु

अनौपचारिक साक्षरता शिक्षा कार्यक्रमका सहभागीहरुलाई शिक्षा दिने प्रमुख दायित्व राज्यको हो । राज्यले प्रौढ सहभागीहरुलाई ध्यानमा राखेर सीपमूलक, व्यवसायिक शिक्षा उपलब्ध नगराएको खण्डमा समस्याहरु बढ्ने देखिन्छ । सरकारी प्रतिनिधीका रुपमा राखिएको अनौपचारिक शिक्षा हेर्ने स्थानीय निरीक्षक, श्रोतशिक्षक व्यवस्थापकहरुले ती समस्याहरु समाधानका लागि विशेष पहल गर्दागर्दै पनि केही समस्याहरु रहेका छन् ।

विभिन्न कारणहरुले गर्दा उद्धेश्य अनुसारको कार्य गर्न कठिनाई हुनुका साथै उपयुक्त तालिमको व्यवस्था नहुनु, अध्ययन अध्यापनका लागि छुट्टै भवनको व्यवस्था नहुनुका कारणले उपयुक्त वातावरण सृजना नहुनु । साक्षरता शिक्षा कार्यक्रमको अवधि कम हुनुको साथै आर्थिक समस्याको कारणले सहभागीहरुले

विचमै कक्षा छोडेर जाने रहेको । विषयवस्तु राम्रो, उद्धेश्य राम्रो छ तर कार्यान्वयन पक्ष फितलो रहेको र श्रमशोषण बढी मात्रामा रहनु । यस अध्ययनले अनौपचारिक शिक्षा कार्यक्रमहरु सफल रुपले संचालन हुँदाहुँदै पनि विभिन्न समस्याहरु आई पर्दछन । सरकारले सोचे अनुरुपको लगानी गरे पनि व्यवहारमा कार्यान्वयन पक्ष फितलो रहेको देखिन्छ । जस्तै आर्थिक समस्या, सामाजिक समस्या, पारिवारिक समस्याको कारणले ६६.६६ प्रतिशत सहभागीहरुले सीपमूलक र व्यवसायिक शिक्षा हुनु पर्ने आवाज उठाइएको पाइयो यी कुराहरुलाई मध्यनजर गरी केन्द्रिय स्तरमा समस्या पुऱ्याई गुणस्तरीय, व्यवहारिक, सीपमूलक शिक्षा प्रदान गरी अगाडि बढ्नु पर्ने कुरामा जोड दिइएको पाइयो ।

## ४.४.४. अवलोकनबाट देखिएको समस्याहरु

साक्षरता कक्षा कार्यक्रममा अवलोकनबाट देखिएका समस्याहरु यस प्रकार रहेको छन् ।

छनौटमा परेका साक्षरता कक्षा कार्यक्रमको अवलोकनबाट सुन्दरपुर गा.वि.स. को विद्यालय टोलमा संचालित साक्षरता कक्षा कार्यक्रमको लागि छुट्टै भवनको व्यवस्था रहेको पाइयो भने इन्द्रपुर गा.वि.स.र वेलबारी गा.वि.स.मा अध्ययन अध्यापनको लागि छुट्टै भवनको व्यवस्था नभएको कारणले ती स्थानीय अभिभावकको घरमा कक्षा संचालन गरेको पाइयो । सुन्दरपुर गा.वि.स मा अध्ययन अध्यापनको लागि उपयुक्त व्यवस्था भएको देखियो भने दुई गा.वि.स मा अध्ययन अध्यापनको लागि उपयुक्त व्यवस्था नभएको पाइयो । सुन्दरपुर गा.वि.स.को विद्यालय टोल र वेलवारी गा.वि.सको गा.वि.स टोलमा प्रौढ साक्षरता कक्षाको समयमै निरीक्षण अनुगमन भएको देखियो भने इन्द्रपुर गा.वि.सको वार्ड नं ९ मा संचालित साक्षरता कक्षा कार्यक्रमको समयमै निरीक्षण तथा अनुगमन नभएको पाइयो । ३ वटै अध्ययन क्षेत्रमा सवै सहभागीहरुलाई अध्ययन गर्नको लागि पायक पर्ने स्थानमा कक्षा संचालन भएको छ । दुईवटा अध्ययन क्षेत्रका सहभागीहरुले अध्ययन गर्न आउदा साथमा बच्चा ल्याएको छैन भने पारिवारिक समस्याको कारणले बच्चा हेर्ने सदस्य नभएको कारणले गा.वि.स टोलका सहभागीहरुले अध्ययन गर्न आउदा साथमा बच्चा ल्याएको पाइयो । स.का र सहभागीहरुका लागि भौतिक सुविधा नभएको पाइयो । तीनै वटा अध्ययन क्षेत्रका स.का र सहभागीहरु विच अध्ययन अध्यापन कार्यमा दोहोरो अन्तरक्रिया भएको छ ।

### ४.४.५ समस्या समाधानका उपाय/सुझाव

शिक्षा एक अनवरत रुपमा चलिरहने प्रक्रिया हो । औपचारिक वा अनौपचारिक जुनसुकै माध्यमबाट मानिसले शिक्षा आर्जन गरिरहेको हुन्छ । शिक्षा आर्जनका क्रममा विभिन्न समस्याहरु आई पर्दछन । ती समस्याहरुलाई समाधान गर्नको लागि विभिन्न उपायहरु अवलम्बन गर्नु पर्दछ । अध्ययनका क्रममा छनोटमा परेका ३ वटै गा.वि.स.का व्यवस्थापक, स्थानीय निरीक्षक, स.का. र सहभागीहरुले एकै आवाजमा अनिवार्य सीपमूलक शिक्षा, व्यवसायिक शिक्षालाई बढी प्राथमिकता दिनुपर्ने, उद्धेश्य अनुरुप कार्यक्रमहरुलाई अगाडि बढाइनु पर्ने, दक्ष जनशक्तिको छनोट हुनुपर्ने, आवश्यक रकम समयमै उपलब्ध हुनुपर्ने, सामाजिक संरचनामा आधारित भएर आधुनिकीकरण सम्वन्धी शिक्षा दिनुपर्ने, समय समयमा निरीक्षण तथा अनुगमन हुनुपर्ने, जनचेतनाको व्यापक प्रचार प्रसार गरिनुपर्ने, व्यवहारिक सीपमुलक शिक्षाको व्यवस्था गर्नको लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरुको बढी लगानी गर्नुपर्दछ । कोटा अनुसारको सहभागीहरुलाई सीपमूलक शिक्षामा लगानी गर्नुपर्ने, स्थानीय निकायमा समयमै सामग्रीहरु उपलब्ध गराउनु पर्ने, व्यवसायिक सीपमूलक शिक्षाका बारेमा वैठकमा छलफल, गोष्ठी आयोजना गर्नुपर्ने, जि.शि.का.ले प्रौढहरुका लागि समय सान्दर्भिक सीपमूलक शिक्षा प्रदान हुनुपर्ने भन्ने कुरा क्षे.शि.नि. मा पुऱ्याइ दिनुपर्ने, छुट्टै समितिको गठन हुनुपर्ने देखिन्छ ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

अनुसन्धानको क्रममा अध्ययन क्षेत्रमा गएर संकलन गरिएका तथ्याङ्कहरुबाट निम्न कुराहरु प्राप्त भएको पाइन्छ ।

नमूनाको रुपमा ३ वटा गा.वि.समा संचालित प्रौढसाक्षरता शिक्षा कार्यक्रममा प्रत्येक गा.वि.स.बाट २/२ वटा साक्षरता कक्षाका ६ जना स.का.,१२ जना सहभागी, ३ जना व्यवस्थापक र ३ जना स्थानीय निरीक्षकलाई लिएको छ । अनौपचारिक साक्षरता शिक्षा अन्तर्गत प्रौढ साक्षरता शिक्षा अध्ययन क्षेत्रका छनौटमा परेका सबै सहभागीहरु, स.का., व्यवस्थापक, स्थानीय निरीक्षकहरुलाई यस शिक्षाप्रति सकारात्मक धारणा रहेको पाइयो । ८३.३३ प्रतिशत महिलाहरु यस कार्यक्रममा सहभागी रहेको पाइयो । आर्थिक अवस्था न्यून भएका कारणले गर्दा १६.६६ प्रतिशत सहभागीहरुले पुरै समय अवधि अध्ययन नगरेको पाइयो । साक्षरता शिक्षा कार्यक्रमले ८३.३३ प्रतिशत सहभागीहरुलाई दैनिक जीवन व्यवहारमा सहयोग पुऱ्याएको पाइयो । अध्ययन क्षेत्रको अधिकांश सहभागीहरुले साक्षरता शिक्षा प्रति सकारात्मक दृष्टि हुँदाहुँदै पनि विशेष गरेर राज्यले व्यवसायिक सीपमूलक शिक्षालाई बढि प्राथमिकता दिनुपर्छ भन्ने कुरामा
जोड दिएको पाइयो ।

प्रौढ साक्षरता शिक्षा कार्यक्रम संचालनमा अध्ययन अध्यापनको लागि छुट्टै भवन र चर्पीको व्यवस्था नभएको पाइयो । अध्ययन क्षेत्रको अधिकांश स्थानमा कालोपाटीको प्रयोग नभएको पाइनुको साथै इलेजर र सिसाकलम ज्यादै कमसल र टिकाउ नभएकोमा सहभागीहरुले गुनासो गरेको देखियो । ३३.३३ प्रतिशत सहभागीहरुले सहीगर्न, चिठ्ठी लेख्नपढ्न सक्ने क्षमताको विकास भएको पाइयो भने केही सहभागीहरुमा पढ्ने सीपको मात्र विकास भएको र सही मात्र गर्न सक्ने भएको पाइयो । निरीक्षण र मूल्याङ्कनमा त्यति समय नदिएको देखियो । सहभागीहरु, स.का.हरु, स्थानीय निरीक्षक, र व्यवस्थापकहरुले अनौपचारिक साक्षरता शिक्षा केन्द्रद्धारा संचालित प्रौढ शिक्षाको समय अवधि बढाइनु पर्ने कुरामा जोड दिएको पाइयो ।

## ५.२ निष्कर्ष

नेपालको साक्षरता अभियानमा अनौपचारिक शिक्षा कार्यक्रमले धेरै लामो समयदेखि अहम् भूमिका खेल्दै आएको छ । देशको साक्षरता प्रतिशत ५४ मध्ये ४२ प्रतिशत साक्षरता महिला रहेको छ । यति साक्षरता प्रतिशत देखिँदा समाजमा अझै छोरीलाई महिलालाई पढाउनु हुन्न भन्ने धारण अझै दुर्गम तथा विकट पहाडी मुलुकहरुमा रहेको पाइन्छ । निरक्षरमा गनिएको ६ प्रतिशत जनसंख्या लेख्न नजान्ने केबल पढ्न मात्र जान्ने मध्ये ८० प्रतिशत भन्दा बढी महिला नै देखिन्छन् । महिला र पुरुष समान भनेर कागजमा वकाइदा रुपले लेखिए पनि व्यवहारमा लागू भएको पाइन्न अझै रुपमा महिलाहरु पिछडिएकै अवस्थामा रहेको देखिन्छ । महिला र पुरुषको साक्षरता दरमा २३ प्रतिशतले फरक रहेको छ भने मोरङ जिल्लामा साक्षरता प्रतिशत ५६.६३ रहेकोमा पुरुष तर्फ ६६.६७ र महिला तर्फ ४६.४८ प्रतिशत साक्षरता रहेको देखिन्छ । विगतको लामो समयदेखि औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमद्बारा राष्ट्रले ठूलो लगानी गरेपछि यो जिल्लाको साक्षरता प्रतिशत ५६.६३ पुग्न गएको हो । अझै यस जिल्लामा ४३.३७ प्रतिशत जनतालाई साक्षर गर्न ठूलो लगानी गर्नु पर्ने देखिन्छ ।

यो शोधपत्र अध्ययनले अनौपचारिक शिक्षाको कार्यक्रम अन्तर्गत मोरङ जिल्लामा संचालित कार्यक्रमहरु प्रौढ साक्षरता, प्रौढ साक्षरोत्तर, बालशिक्षा प्रथम, बालशिक्षा द्बितीय, महिला साक्षरता प्रथम, महिला साक्षरता द्बितीय कार्यक्रम रहेको पाइन्छ । अनौपचारिक शिक्षाको लागि आएका कार्यक्रम अनुसार सवै कोटा अनुसार संचालन भएको देखिन्छ । प्रौढ शिक्षामा पुरुष भन्दा महिला बढि सहभागी झण्डै ८३.३३ प्रतिशत र १६.६६ प्रतिशतभन्दा कम पुरुषको सहभागिता देखिन्छ । अनौपचारिक शिक्षाको कक्षा संचालनको अन्त्यसम्ममा आर्थिक अवस्था, पारिवारिक असमझदारी शारीरिक अवस्थाको कारणले ५८.३३ प्रतिशत महिलाहरु अनुपस्थित रहेको पाइयो भने पुरुष तर्फ कक्षा संचालनको शुरुको समयमा २ जना थिए भने अन्त्य सम्ममा ती २ जना पनि आउन छोडेको पाइयो । यसरी कक्षा शुरु भएको बेला सबैको सहयोगले धेरै सहभागी जुटाए पनि पढ्ने समयको अन्तिम सम्ममा सहभागीको कोटा अनुसार उपस्थिति नरहेको देखियो । शारीरिक अस्वास्थ्यका कारण, व्यवसायिक सीपमूलक शिक्षा नभएको कारण, खेतिपातीको समय भएको कारणले कतिपय सहभागीहरुले बिचमै कक्षा छोडेको पाइयो । यी माथिका विभिन्न समस्याहरुलाई समाधान गर्ने तर्फ ध्यान दिई आगामी दिनहरुमा व्यवस्थित रुपले कक्षा संचालन गर्नु पर्ने देखिन्छ ।

## ५.३ सुझाव

अनौपचारिक शिक्षा अर्न्तगत प्रौढसाक्षरता शिक्षामा सहभागीहरुको सहभागिता बढाउनका लागि केन्द्रस्तर देखि स्थानीय स्तरसम्म अवलम्बन गर्नुपर्ने सुझावहरु यस प्रकार रहेका छन् ।
यो कार्यक्रमको शैक्षिक सत्र हरेक वर्षको बैशाख महिनादेखि सुरु हुनेहुँदा बजेट, सामग्री पाठ्यपुस्तक जस्ता सहयोगहरु सम्वन्धित जि.शि.का.मा चैत्र महिनामै कक्षालाई उपलब्ध गराइ सक्ने व्यवस्था मिलाउने वातावरण सृजना गर्नुपर्दछ । कोटा वितरणका लागि व्यवस्था गरिएका आधारहरुको पूर्ण परिपालनमा जोड दिनु पर्ने र यसलाई पारदर्शी समेत बनाउनु पर्ने देखिन्छ । विद्यालयका शिक्षाको पहुँच नभएका स्थानहरुमा मात्र कोटा दिनु पर्ने । अहिले भइरहेको महिला सहभागिता ८३ प्रतिशतबाट बढाइ १०० प्रतिशत पुऱ्याउने निरक्षरता उन्मूलन अभियानको रुपमा कार्यक्रम संचालन गर्ने र यसका लागि व्यापक प्रचार प्रसार गरी गोष्ठी सेमिनार भेला गरी यो कार्यक्रमसँग सम्बन्धित स.का., स्थानीय निरीक्षक, गाँउस्तरका समितिहरुलाई सक्रिय रुपमा परिचालन गर्ने गराउने गर्नुपर्दछ । महिनामा कम्तीमा एक पटक जि.शि.का. बाट अनुगमन गर्ने व्यवस्था मिलाउने । स.का. लाई घटीमा १ महिनाको पुर्व–सेवाकालीन तालिम र १५ दिनको सेवाकालीन तालिम दिने । तालिम विषयमा अतिरिक्त शिक्षण सामग्री विकास र प्रयोग तथा विभिन्न शिक्षण कौशलयुक्त सीप समावेश गरी शिक्षण पेशामा अनुभव भएका व्यक्तिबाट तालिम दिने व्यवस्था गर्ने ।

प्रौढ साक्षरता कार्यक्रममा लक्षित समुदायको सहभागिता बढाउनका लागि उनीहरुलाई पनि दैनिक भत्ताको व्यवस्था गरिनु पर्ने उक्त भत्ताको व्यवस्था नभएको कारणले गर्दा प्रायः भर्नाको समयमा कक्षामा निर्धारित सङ्ख्या भन्दा बढी सहभागीहरु आउने गर्दछन् किनभने नयाँ पुस्तक, कापी, सिसाकलम पाउने आशाले उनीहरु धेरै सहभागी हुन्छन तर सामग्री पाईसकेपछि उनीहरुको सहभागिता क्रमशः दिन प्रतिदिन घटदै जान्छ यस्तो समस्यालाई हटाउनका लागि सम्बन्धित निकायले निगरानि पुऱ्याइ चेतनामूलक कार्यक्रमहरु संचालन गर्नु पर्दछ र स्थानीय समुदायमा शैक्षिक चेतना जगाउनका लागि १/२ जना सहयोगीलाई तालिम दिइ व्यापक प्रचार प्रसार गर्ने । विशेष गरेर महिला जनजाति,लक्षित समुदायलाई समेटी स्थानीय स्तरमा आयवृद्धि हुने जस्ता सीपमूलक कार्यहरुलाई पाठ्यक्रममा समावेश गर्नुपर्ने जस्तै : सीपमूलक कार्यक्रमहरु तरकारी खेती, वंगुर, बाखा पालन मौरी

पालन चटाइ, ढकी, टोकरी, सिलाइकटाइ र बुनाइ आदि । राज्यले स्थान विशेषलाई ध्यानमा राखेर लक्षित समुदायलाई ध्यानमा राखेर माथिका सीपमूलक शिक्षा प्रदान गर्नुपर्ने देखिन्छ स्थानीय निकायले यस्ता कार्यक्रमहरुको सूची बनाइ सम्बन्धित निकायलाई पहल गर्नु पर्ने । सहभागितामूलक तथा तलदेखि माथि अवधारणामा आधारित हुनुपर्दछ । आधारभूत साक्षरता कार्यक्रम निरन्तर शिक्षाका कार्यक्रमहरुसँग एकीकृत गरेर संचालन गर्नुपर्ने । आयआर्जन र निरन्तर शिक्षासँग आबद्ध हुने खालका साक्षरता कार्यक्रम संचालन गर्नुपर्ने । प्रौढसाक्षरता कक्षा कार्यक्रम संचालन सुरुगर्दा र विस्तार गर्दा कार्यक्रको दिगोपनबारे सम्बन्धित निकायले ध्यान दिनुपर्ने र निरन्तर अनुगमन र मूल्याङ्कन अनिवार्य रुपले गर्नुपर्दछ आदि ।

## सन्दर्भसामग्रीहरु


अधिकारी, प्रकाससिंह(२०५९), *अनौपचारिक शिक्षा केही अवधारणा केही अभ्यास,* काठमाडौ : सामुदायिक विकास प्रवर्धन केन्द्र

अधिकारी, विष्णुप्रसाद(२०६६), *शिक्षाशास्त्र र नेपालमा शिक्षा,* काठमाण्डौ : आशिष बुक्स हाउस प्रा.लि.।

काफ्ले तथा अन्य साथीहरु (२०६१), *शैक्षिक प्रविधि र अनौपचारिक शिक्षा,* काठमाडौ : विद्यार्थी पुस्तक भण्डार, कमलपोखरी ।

काफ्ले तथा अन्य साथीहरु(२०६५, *शिक्षामा सामाजिक न्याय,* किर्तिपुर काठमाडौ : सनलाईट पब्लिकेसन ।

कोईराला, विद्यानाथ(२०५८), *अनौपचारिक शिक्षा,* काठमाडौ : त्रि.वि.वि. सेरिड, त्रिपुरेश्वर ।

दाहाल, दत्तात्रय(२०६०), *महिला सहभागिताको स्थिति र त्यसको प्रभावकारितामा असर,* ताहचल : महेन्द्ररत्न क्याम्पस, अप्रंकाशित कृति ।

नेपाल सरकार अनौपचारिक शिक्षा केन्द्र(२०६१),*साक्षरता विशेषाङ्क,* अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी, भक्तपुर ।

पोखेल, वासुदेव(२०५८),*अनौपचारिक शिक्षा राष्ट्रिय स्तरबाट गरिएका प्रयासहरु,* काठमाडौ प्रवर्तन अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी ।

पौडेल, सरिताकुमारी(२०६४), *साक्षरता विकासमा अनौपचारिक शिक्षाको भूमिका,* महेन्द्ररत्न क्याम्पस ताहचल अप्रकासित शोधपत्र ।

प्रधान, देविना(२०६३), *साक्षरता विशेषाङ्क,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी ।

भण्डारी तथा अन्य साथीहरु(२०६४), *शिक्षाका आधारहरु,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, कमलपोखरी ।

भट्टराई, प्रेम(२०६४), *साक्षरता विशेषाङ्क,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी ।

लुईटेल, समिरा(२०५८),*नेपालमा अनौपचारिक शिक्षा,* काठमाण्डौ : त्रि.वि.वि. सेरिड त्रिपुरेश्वर । शर्मा, गोपीनाथ(२०६०),*नेपालको शैक्षिक इतिहास,* काठमाडौ : मकालु बुक्स एन्ड स्टेसनर्स, पुतलीसडक ।

शर्मा, प्रमोदकुमार(२०६१) *साक्षरता विशेषाङ्क,* भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र सानोठिमी ।

शिक्षाऐन(२०२८), शिक्षा नियमावली(२०५९), *शिक्षक सेवा आयोग नियमावली*(२०५७),
काठमाण्डौ : आशिष पुस्तक भण्डार, त्रिपुरेश्वर ।
सिन्हा, रामस्वरुप(२०६४), *साक्षरता विशेषाङ्क*, भक्तपुर : अनौपचारिक शिक्षा केन्द्र, सानोठिमी ।
*District Profile*(2065) proprietor G.B.C. Office. Morang Nepal.
UNSCO (2006) an *Inventory of Non -Formal Education in Nepal* UNSCO,
Kathmandu Nepal.

## साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्याक्रम

### प्रौढकक्षाका सहभागीहरुलाई सोधिने प्रश्नहरु

### अनुसूची १

**जिल्ला :** **गा.वि.स. :** **वडा न.:**

**नाम :** **उमेर :** **लिंग :**

१. तपाईले यो प्रौढ कक्षामा कहिले देखि पढ्न थाल्नु भयो ?

कं संचालनको सुरु मै ख. विचमा

२. तपाईले पाठ्यसामाग्री पाउनु भयो ?

क. पाए ख. पाइन

३. तपाईले जिल्लाबाट पठाएको सबै कोटा अनुसारको सामान पाउनु भएको छ ?

क. छ ख. छैन ग. पाउन बाँकी छ

४. तपाईको कक्षामा कति जना सहभागीहरु छन ?

क. ...................... ख............................

५. तपाईहरु सगँ पढ्ने साथीहरु मध्ये कुन उमेरका बढी छन् ?

क. १५ देखि २५ वर्ष ख. २५ देखि ४५ ग. १५ वर्ष देखि ६५ वर्ष

६ कति जना सहभागीहरु बिचमै छोडेर गए ?

क. ............ जना ख. ......... जना ग. कोही पनि गएनन्

७. तपाइको कक्षा महिनामा कति पटक निरीक्षण हुन्छ ?

क. १ पटक ख. २ पटक ग. निरीक्षण नै हुदैन

८ तपाईको कक्षामा महिला र पुरुष को बढी छन ?

क. महिला ख. पुरुष ग. महिला र पुरुष बराबर

९. यस कार्यकमप्रति तपाईको धारणा कस्तो छ ?

क. सकारात्मक ख. नकारात्मक ग. केही पनि छैन

१०. तपाईलाई घरबाट पढ्न कतिको सहयोग मिल्छ ?

क. धेरै सहयोग मिल्छ ख. अलिअलि ग. सहयोग नै मिल्दैन

११. तपाईलाई प्रौढ शिक्षा सम्बन्धी कुनै प्रतिक्रिया भए उल्लेख गर्नु होस् ?

.........................................................................................................................

१२. हालसम्म जम्मा कति दिन पढ्न आउनु भयो ?

क. थाहा छैन    ख. हाजिरीमा छ

१३. दिनमा कति घण्टा कक्षामा पढ्नु हुन्छ ?

क. १ घण्टा    ख. १.५ घण्टा    ग. २ घण्टा

१४. पढ्न निर्धारण गरेको यो समय तपाइँलाई उपयुक्त छ  कि छैन ?

क. छ    ख. छैन

१५. प्रौढकक्षा भर्ना भएपछि पढ्ने लेख्ने सामाग्री के के पाउनु भयो ?

क. कापी पेन्सिल    ख. पुस्तक    ग. अन्य    घ. माथिका सबै

१६. प्रौढशिक्षा किन पढ्न आउनु भएको ?

क. पढ्न लेख्न ख. सहिगर्न आवश्यक भएकोले ग. रमाइलो गर्न घ. ज्ञानगुनका कुरा सिक्न

१७. प्रौढकक्षामा आएर के के कुरा जान्नु भयो ?

क. साउ अक्षर चिन्न    ख. आफुलाई मनमा लागेको कुरा लिखित रुपमा व्यक्त गर्न    ग. जोडघटाउ चिन्न र लेख्न    घ. सहि मात्र गर्न

१८. तपाइलाई प्रौढकक्षाको पढाइले दैनिक व्यवहारमा के के गर्न सहयोग पुऱ्याएकोछ ?

क. सहीगर्न ख. स्वास्थ्य सरसफाइ गर्न ग. चिठ्ठीपत्र पढ्न  घ. व्यवहारमा आईपर्ने समस्या समाधान गर्न

१९. प्रौढकक्षा पढेर भविष्यमा त्यसको प्रयोग कसरी गर्नु हुन्छ ?

क. पसलमा हिसाबकिताव राखेर    ख. चिठ्ठीपत्र लेखेर पढेर    ग. स्वास्थ्य सरसफाइमा सुधार ल्याएर    घ. केटाकेटीलाई घरमा पढाउन    ङ. माथिका सबै

२०. तपाइलाई प्रौढकक्षामा पढ्ने प्रेरणा कसरी मिल्यो ?

क. आफैलाई व्यवहार चलाउन आवश्यक भएकोले    ख.श्रीमान श्रीमतीले पढ्नु पर्छ भनेकोले    ग. साथीले पढ्न जाउ भनेकाले    घ. स.का.ले सम्झाएकाले

# साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम

## सहयोगीकार्यकर्तालाई सोधिने प्रश्नहरु

## अनुसूची २

**जिल्लाको नाम :** **स.का.को नाम :** **वडा नं. :**

**गा.वि.स. :** **ठेगाना :** **लिङ्ग :**

१. कक्षा संचालनको पहिलो दिन तपाईले कस्तो अनुभव बटुल्नु भयो ?

क . बढी आत्माविश्वास चाहिने ख. ठिकै आत्माविश्वास चाहिने ग. केही बटुलिन

२. कक्षा संचालन गर्नको लागि कस्तो कठिनाईहरु आउछन् ?

क. ............................ ख. .............................

३. कार्यक्रम संचालनको अवधिभरीमा तपाईले कुनै तालिम पाउनु भएको छ ?

क. छ ख. छैन

४. सहभागीहरु अध्ययन गर्न कतिको रुचाउछन् ?

क. अलिअलि ख. धेरै ग. रुचाउदैनन्

४. तपाईलाई शिक्षण गर्नको लागि पर्याप्त सामाग्री उपलब्ध हुन्छ ?

क. बढि हुन्छ ख. कम हुन्छ ग. हुदैन

५.तपाईले जिल्ला बाट पठाएको कोटाअनुसारको सबै सामाग्री पाउनु भएको छ ?

क. छ ख. छैन ग. अलिअलि

६. तपाई सहभागीसंग कतिको अन्तरक्रिया गर्नु हुन्छ ?

क. धेरै ख.अलिअलि ग. आवश्यकता अनुसार

७. तपाईको कक्षामा कति जना पुनः पढ्न आउनु हुन्छ ?

क. आउदैनन् ख. कोही कोही आउछन्

८. सहभागीहरु नियमित रुपमा पढ्न आउछन् ?

क. आउदैनन् ख. कोही कोही आउछन् ग. आउछन्

९. तपाईको कक्षामा सहभागीहरु कुन उमेरका वढि छन् ?

क. १५ वर्ष मुनीका ख. १५-२५ वर्ष उमेरका ग. १५ वर्ष देखि माथिका सबै

१०. तपाईको कक्षा कति पटक निरीक्षण हुन्छ ?

क ................................ ख. ..................................

११. साक्षरता शिक्षा (प्रौढ शिक्षा) प्रति तपाईको धारणा कस्तो छ ?

क . सकारात्मक ख. नकारात्मक ग .केही छैन घ . ठिकै छ

१२ . साक्षरता वृद्धिदरलाई बढाउन के गर्नु पर्ला ?

क. शिक्षामा बढि भन्दा बढि लगानी गर्नु पर्ने ख. जनचेतना बढाउनु पर्ने ग. सीपमुलक शिक्षा दिनु पर्ने घ. माथिका सबै

१३ . यस कक्षाबाट साक्षरता प्रतिशत बढाउन कस्तो भूमिका खेलेको जस्तो लाग्छ ?

क .राम्रो ख.नराम्रो ग.खासै छैन घ. ठिकै

१४. तपाईको साक्षरता शिक्षा सम्बन्धी कुनै प्रतिक्रिया भए उल्लेख गर्नुहोस ?

..............................................................................................................

१५.प्रौढकक्षा सञ्चालन गर्नुभएको कति महिना भयो ?

..............................................................................................................

१६. हालकक्षामा कति सहभागीहरु छन् ?

..............................................................................................................

१७. कक्षा सञ्चालन गर्ने स्थानको छनोट कसले गरेको हो ?

क. म आफैले ख. गा.वि.स.ले ग. जि.शि.का. ले घ. सहभागीहरुले

१८. तपाईको कक्षाका सहभागीहरु मध्ये के के कारणले कति जनाले बिचमै कक्षा छाडेका छन् ?

क. विवाह भएर गएकाले .........जना ख. बच्चा मानिर नभएकोले........जना

ग. सुत्केरी भएकाले ............जना घ. अभिभावकले नपठाएकाले.......जना

१९. तपाईले लिनु भएको तालिम प्याकेज पढाउन प्रर्याप्त छ कि छैन ?

क. प्रर्याप्त छ ख. छैन ग. थप्नु पर्छ

२०. साक्षरता शिक्षा कार्यक्रममा पुरुष र महिलामा कुनको सहभागीता बढी देखिन्छन् ?

क. महिला ख. पुरुष ग. महिला र पुरुष बराबरी

# साक्षरता वृद्धिमा अनौपचारिक शिक्षाकार्यक्रम

## अनौपचारिक प्रौढसाक्षरता कक्षा व्यवस्थापन समिति तथा गाँउ साक्षरता समितिका पदाधिकारीलाई सोधिने प्रश्नहरु

## अनुसूची : ३

**जिल्ला :** **गा.वि.स. :** **वडा नं. :** **केन्द्र :**

**नाम :**

१ . तपाईको गा.वि.स. टोलमा कतिवटा प्रौढ कक्षा सञ्चालन भएका छन् ?

क. . ............वटा ख. . .............वटा

२. उक्त प्रौढसाक्षरता कक्षा कहिले देखि सञ्चालन भएको हो ?

क. फागुन १ गते ख. चैत्र १ गते ग. थाहा छैन

३. तपाईलाई यो समितिमा कसले राखेको हो ?

क. स.का. ले ख. जि.शि.का.ले ग. गा.वि.स. ले घ. बैठक समितिले

४. तपाई महिनामा कति पटक प्रौढशिक्षा सम्बन्धी बैठकमा सहभागी हुदैआउनु भएको छ ?

क. १ पटक ख. २ पटक ग. हालसम्म बैठक भएको थाहा छैन

५. साक्षरता कक्षा (प्रौढकक्षा) को बैठकमा के कस्ता विषयमा छलफल भई निर्णय हुन्छ ?

..........................................................................................................

६. कति सहभागीहरु बिचमा छोडेर गएको तथ्याङ्क छ ?

क. .................. जना ख. .................जना

७. तपाईले स्थानीय तहमा सञ्चालित प्रौढसाक्षरता कक्षा कति पटक निरीक्षण गर्नु भयो ?

क. १ पटक ख. २ पटक ग.३ पटक घ. गरेकै छैन ङ. .......पटक

८. हाल सञ्चालित भएको प्रौढकक्षामा महिला र पुरुषमा कुन धेरै छन् ?

क. महिला ख. पुरुष ग. महिला पुरुष बराबरी

९. प्रौढ साक्षरता प्रति मानिसको धारणा कस्तो छ ?

क. सकारात्मक ख. नकारात्मक ग. केही छैन घ. ठिकै छ

१०. यस कक्षाबाट साक्षरता प्रतिशत बढाउन कस्तो भूमिका खेलेको जस्तो लाग्छ ?

क. राम्रो  ख. नराम्रो  ग. खासै छैन  घ. ठिकै

११. यसलाइ अझ राम्रो गर्न के गर्नु पर्ला ?

..........................................................................................................

१२. महिनामा कति दिन पढाई हुन्छ ?

क. २६ दिनै  ख. बन्द हड्ताल भएको दिन देखि बाहेक सबैदिन  ग. कहिले काही

१३. दैनिक कति जना सहभागीहरु पढ्न आउछन् ?

..........................................................................................................

१४. हाल प्रौढकक्षा चलेको टोलमा पनि कक्षा चलाएको थियो कि थिएन ?

क. थियो  ख. थिएन  ग. थाहा छैन

१५. थियो भने किन प्रौढ कक्षा पुनः दोऱ्याएर चलाउनु भएको ?

क. पुनः सहभागीहरुले माग गरेकाले  ख. नयाँ सहभागीहरु बढेकाले  ग. बसाइ सरेर आउने जाने बढि भएकाले

१६. कक्षा व्यवस्थापन र सञ्चालनको लागि कस्तो सहयोग पुऱ्याउदै आउनु भएको छ ?

..........................................................................................................

१७. कतिपय प्रौढकक्षा चल्न नसकि बिचमै बन्द हुनुका कारणहरु के के होलान ?

क. आवश्यकताको पहिचान नहुनु  ख. स.का. उपयुक्त नहुनु  ग. आर्थिक अवस्था  कमजोर हुनु  घ. व्यवस्थापन समितिले उत्तरदायित्व बहन गर्न नसक्नु

१८. अनौपचारिक शिक्षा कार्यक्रम सम्बन्धमा तपाइँको धारणा के छ ?

..........................................................................................................

## साक्षरता वृद्धिमा अनौपचारिक शिक्षाकार्यक्रम

### प्रौढकक्षाका स्थानीय निरीक्षकहरुलाई सोधिने प्रश्नहरु

### अनुसूची ४

**जिल्ला :** **गा.वि.स. :** **नाम :**

**ठेगाना :** **वाड नं. :**

१. तपाई स्थानीय निरीक्षकमा कहिले देखि काम गर्दै हुनुहुन्छ ?

.......................................................................................................

२. यस अघि स्थानीय निरीक्षकको रुपमा कति पटक काम गरी सक्नु भएको छ ?

क. एक पटक ख. दुई पटक ग. गरेको थिइन

३. तपाई स्थानीय तहमा कति वटा साक्षरता कक्षा निरीक्षण गर्नु हुन्छ ?

.......................................................................................................

४. तपाईको क्षेत्रका साक्षरता कक्षा सबै चलेका छन् कि छैन ?

क. सबै चलेका छन् ख. केहिमात्र चलेका छन् ग. त्यति थाहा छैन

५. साक्षरता कक्षा निरन्तर चल्न नसक्नुका कारणहरु के के हुन ?

क. जनसहभागीताको कमी ख. शिक्षामा बढी लगानी गर्न नसक्नु ग. सीपमुलक शिक्षा नभएकाले

६. निरीक्षणको क्रममा कतिवटा कक्षा सञ्चालन भइरहेको पाउनु भयो ?

.......................................................................................................

७. निरीक्षणको क्रममा कतिको सहभागिता पाउनु भयो ?

.......................................................................................................

८. सामान्यता साक्षरता कक्षामा महिला र पुरुष कुनको सहभागीता बढि पाउनु भयो ?

क. महिला ख. पुरुष ग. महिला र पुरुष बराबरी

९. निरीक्षणका क्रममा स.का. ले कस्ता समस्या राखे ?

क. पारिश्रमिकमा हेरफेर ख. सबै स.का.को योग्यता बराबर ग. तालिमको अवधि बढाउनु पर्ने घ. शैक्षिक सामग्री समय मै नआइपुग्ने

१०. साक्षरता कक्षामा अधिकांश कस्तो सहभागी पाउनु भयो ?

क. कक्षा दोऱ्याउने ख. नयाँ सहभागीहरु

११. बिचमै कक्षा छाड्ने दर कस्तो छ ?

..........................................................................................................

१२. तपाईको विचारमा प्रौढकक्षामा सहभागीता बढाउन के के गर्नु पर्ला ?

क. पायक पर्ने स्थानमा कक्षा चलाउनु पर्छ ख. सक्षम स.का.को छनोट गर्नु पर्छ ग. सीपमुलक शिक्षा प्रदान गनु पर्छ घ.माथिका सबै

१३. कक्षामा भर्ना भएका सहभागीलाई नियमित कक्षामा पढ्न आउने बनाउनको लागि के कस्तो वातावरण श्रृजना गर्नु पर्छ ?

क. स.का. मा नियमितता, दक्षता, मिलनसारिता, प्रौढता हुनु पर्छ ख. सहभागीहरुलाई पर्याप्त शैक्षिक सामग्री उपलब्ध हुनु पर्ने ग. पायक पर्ने स्थान र सक्षम स.का.को छनोट हुनुपर्ने घ. जनचेतनामा वृद्धि गर्नु पर्ने

१४. कक्षामा महिला र पुरुषमध्ये कसको उपलब्धी स्तर राम्रो छ ?

क. पुरुष ख. महिला ग. दुबैको

१५. कक्षामा महिलाहरुलाई नियमित अध्ययन गर्नको लागि कस्तो वातावरण श्रृजना गर्नुपर्छ ?

क. महिलालाई घरको काममा सहयोग गर्ने ख. केटाकेटी हेर्ने ग. व्यवहारिक शिक्षा दिने घ. समान व्यवहार गर्ने ङ. माथिका सबै

१६. कतिपय प्रौढकक्षाहरु चल्ननसकी बिचमै बन्दहुनुका कारणहरु के के हुन ?

..........................................................................................................

१७. कक्षा व्यवस्थापन समितिले कक्षा सञ्चालनमा कस्तो सहयोग पुऱ्याएको छ ?

क ....................................................................

ख. ....................................................................

ग. ....................................................................

घ. ....................................................................

१८. गाँउ साक्षरता समितिले कक्षा सञ्चालनमा कस्तो सहयोग पुऱ्याएको छ ?

क. स.का. लाई महिनाको अन्तिमा तालिम दिने ख. जनसहभागीताको वृद्धि गर्नु ग. आफ्नो स्थानीय तहमा रहेका समस्याहरुलाई केन्द्रमा पुऱ्याउने

# साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम

## अवलोकन फारमको नमूना

## अनुसूची : ५

१. सहभागीहरुलाई पढ्नको लागि उपयुक्त व्यवस्था छ /छैन ?

क. छ　　　　　　　　　ख. छैन

२. सहभागीहरु पढ्नको लागि उत्सुक देखिन्छन कि / देखिदैनन् ?

क. देखिन्छन्　　　　　　　　ख. देखिदैनन्

३. सहभागीहरुले स.का.लाई राम्रो दृष्टिले हेर्छन कि /हेर्दैनन् ?

क. हेर्छन　　　　　　　　ख. हेर्दैनन्

४. सहभागीहरुको लागि चर्पीको व्यवस्था छ/छैन ?

क. छ　　　　　　　　　ख. छैन

५. सबैलाई पायक पर्ने ठाउँमा कक्षा सञ्चालन भएको छ/छैन ?

क. छ　　　　　　　　　ख. छैन

६. स.का. शिक्षण गर्दा डराए जस्तो देखिन्छन्/देखिदैनन् ?

क. देखिन्छन्　　　　　　　　ख. देखिदैनन्

७. सहभागीहरुलाई चाहिन सामाग्री पर्याप्त छ/छैन ?

क. छ　　　　　　　　　ख. छैन

८. साक्षरता कक्षा निरीक्षण हुन्छ/हुदैन ?

क. हुन्छ　　　　　　　　ख. हुदैन

९. सहभागीहरु शिक्षकले पढाउदा ध्यान पूर्वकसुन्छन्/सुन्दैनन् ?

क. सुन्छन्　　　　　　　　ख. सुन्दैनन्

१०. स.का. र सहभागीहरु बिच दोहोरो अर्न्तक्रिया हुन्छ/हुदैन ?

क. हन्छ　　　　　　　　ख. हुदैन

११. अध्ययन अध्यापनका लागि उपयुक्त वातावरण छ/छैन ?

क. छ　　　　　　　　　ख. छैन

१२. सहभागीहरु पढ्न आउदा आफ्नो बच्चा ल्याउछन्/ल्याउदैनन् ?

क. ल्याउछन्　　　　　　　　ख. ल्याउदैनन्

१३. स. का. र सहभागीहरुलाई भौतिक सुविधा छ/छैन ?

क. छ　　　　　　　　　ख. छै

## साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम

### व्यवस्थापक/निरीक्षकलाई अन्तरवार्तामा सोधिने तालिकासूची

### अनुसूची ६

१. प्रौढसाक्षरता शिक्षा कार्यक्रम कहिलेदेखि शुरु हुन्छ ?

२. तपाईको टोलमा कतिवटा प्रौढकक्षा संचालन भएका छन् ?

३. प्रौढसाक्षरता शिक्षा कार्यक्रमको बैठकमा के कस्ता विषयमा छलफल भइ निर्णय हुन्छ ?

४. हाल सञ्चालित प्रौढकक्षा कति पटक निरीक्षण गर्नुभयो ?

५. यस शिक्षाप्रति मानिसको धारणा कस्तो छ ?

७. निरीक्षणको क्रममा कतिजना सहभागीको उपस्थिती पाउनु भयो ?

८. निरीक्षणको क्रममा स.का.ले कस्ता समस्याहरु राखे ?

९. प्रौढकक्षाको सन्दर्भमा कस्ता विषयहरुमा बढी छलफल हुन्छ ?

१०. कतिपय सहभागीहरुले बिचमै कक्षा छाड्ने कारणहरु के के हुन ?

११. यस शिक्षालाई समय सान्दर्भिक बनाउन के गर्नुपर्दछ ?

१२. कक्षा सञ्चालन र व्यवस्थापनमा कस्तो सहयोग पुऱ्याउदै आउनु भएको छ ?

## साक्षरता वृद्धिमा अनौपचारिक शिक्षा कार्यक्रम

### अवलोकन र अन्तरवार्ता लिएका सहयोगी कार्यकर्ता र कक्षा

### अनुसुची : ७

| सि.न. | सहयोगी कार्यकर्ता | कक्षाचलेको ठेगाना | स्थान | जम्मा सहभागी | कैफियत |
|---|---|---|---|---|---|
| १. | नरमाया अधिकारी | ज्योति स्कुल टोल | सुन्दरपुर-३ | १० | |
| २. | कुमारी राई | अछामे चोक | सुन्दरपुर-३ | ५ | |
| ३. | रुपा राई | सुकुना चौरी | इन्द्रपुर-३ | १० | |
| ४. | भागुँमाया वस्नेत | बुधबारे | इन्द्रपुर-८ | १२ | |
| ५. | रन्जिता गुरुङ | मैनाबारी | वेलबारी-३ | १५ | |
| ६. | प्रमिला सुब्बा | गा. वि.स.टोल | वेलबारी-३ | ७ | |

# साक्षरता वृद्धिमा अनौपचारिक शिक्षाकार्यक्रम

## छनौटमा परेका सहभागीहरुको नामावली

### अनुसूची : ८

| सि.नं. | सहभागीको नाम | कक्षा चलेको ठेगाना | सहभागीको उमेर | महिला | पुरुष | स्थायी ठेगाना |
|---|---|---|---|---|---|---|
| १. | शान्ता श्रेष्ठ | अछामेचोक (सुन्दरपुर) | ४१ | महिला | - | तीनपैनी |
| २. | प्रेममाया तामाङ | अछामेचोक (सुन्दरपुर) | ३७ | महिला | - | तीनपैनी |
| ३. | विमला ओझा | स्कुलटोल (सुन्दरपुर) | ५१ | महिला | - | ज्योतिस्कुल टोल |
| ४. | चन्द्रमाया श्रेष्ठ | स्कुलटोल (सुन्दरपुर) | ६० | महिला | - | ज्योतिस्कुल टोल |
| ५. | फुलमाया तामाङ | सुकुना चौरी (इन्द्रपुर) | ५० | महिला | - | खोर्साने |
| ६. | विन्दा श्रेष्ठ | सुकुना चौरी (इन्द्रपुर) | ४१ | महिला | - | वागझोडा |
| ७. | नर्वदा आचार्य | बुधबारे (इन्द्रपुर) | ५२ | महिला | - | बुधवारे-८ |
| ८. | यमकुमारी राई | बुधबारे (इन्द्रपुर) | ४९ | महिला | - | बुधवारे-८ |
| ९. | मनमाया गुरुङ | गा.वि.स टोल | ५० | महिला | - | बेलवारी-३ |
| १०. | फुलमाया धिमाल | गा.वि.स टोल | ५१ | महिला | - | बेलवारी-३ |
| ११. | कोपिला मगर | मैनाबारी | ३२ | महिला | - | मैनावारी-२ |
| १२. | शान्ति मगर | मैनाबारी | ५९ | महिला | - | मैनावारी-२ |

## साक्षरता वृद्धिमा अनौपचारिक शिक्षाकार्यक्रम

### छनौटमा परेका व्यवस्थापक र निरीक्षकको नामावली

### अनुसूची : ८

| सि.न. | व्यवस्थापकको नाम | ठेगाना | स्थान | निरीक्षकको नाम | ठेगाना | स्थान |
|---|---|---|---|---|---|---|
| १. | ज्ञानेन्द्र ओझा | सुन्दरपुर-५ | ज्योतिस्कुल र अछामेटोल | कल्पना वि.क. | सुन्दरपुर-५ | ज्योतिस्कुल र अछामेटोल |
| २. | विनोदकुमार न्यौपाने | इन्द्रपुर-३ | बुधवारे खोर्सानि | महेन्द्रकुमार इजम | इन्द्रपुर-३ | सुकुनाचौरी |
| ३. | विनोदप्रसाद घिमिरे | बेलवारी-३ | गा.वि.स.टोल र मैनावारी | शान्तामाया लिम्बु | बेलवारी-४ | मैनावारी |